annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९९, पृष्ठ ८ | काठमाडौं, शुक्रबार २२ साउन २०८३ | श्रावण कृष्णपक्ष नवमी नेपाल संवत् ११४६ | FRIDAY, AUGUST 7, 2026 | मूल्य : रु. १०

मर्यादा नाघ्दै माननीयहरू



माननीय अर्थात् समाजले मान दिन योग्य, सम्मान दिनुपर्ने व्यक्ति। तर, माननीयले नै जब आफ्नो मर्यादा बिर्सन्छन्, कर्तव्य पालना गर्दैनन् भने समाजले उनीहरूबाट के सिक्ने ? यस्तै पारा र व्यवहार देखाइरहेका छन् हाम्रा माननीयहरू। कसैमा पदको उन्माद देखिन्छ त कसैमा जिम्मेवारीबोध देखिन्न। कोही बोलीका कारण विवादमा छन्, त कोही विगतको पृष्ठभूमिका कारण आलोचित छन्।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विस्तृत पृष्ठ २

टिप्पणी

संसद्‌मा उभिएर सतही टिप्पणी गर्न मिल्दैन

प्रकाशचन्द्र परियार, सचेतक, रास्वपा

जनप्रतिनिधिहरूको सर्वोच्च थलो प्रतिनिधिसभालाई कसरी अझ बढी मर्यादित, अनुशासित र नतिजामुखी बनाउने भन्ने विषयमा कार्य परामर्श समितिको बैठकमा गम्भीर मन्थन भएको छ। संसद्को गरिमा र यसका स्थापित मूल्य-मान्यतालाई अक्षुण्ण राख्दै जनताका सवाललाई प्रभावकारी रूपमा उठाउन बैठकले विभिन्न व्यावहारिक सुधारका कदमहरू अघि सारेको छ।

विशेषगरी आगामी असोजको तेस्रो सातासम्म सरकारले संसद्लाई पर्याप्त बिजनेस उपलब्ध गराउने गरी संसद् सचिवालयले तयार पारेको नयाँ क्यालेन्डरमाथि बैठकमा विस्तृत छलफल र परिमार्जन गरिएको छ। अब संसदीय कामकारबाहीलाई पूर्वअनुमानयोग्य र व्यवस्थित बनाउने विश्वास लिएका छौं। संसद् चलिरहँदा सांसदहरूको फितलो उपस्थिति र हलभित्रको फितलो आचरणप्रति सत्तापक्ष र प्रतिपक्ष दुवै दलका सचेतकहरूले चासो व्यक्त गर्नुभएको छ।

» बाँकी पृष्ठ ६

कांग्रेस आधिकारिकता विवाद बल्झियो

सर्वोच्चबाट पुनरावलोकनको अनुमति, पूर्ण इजलासमा सुनुवाइ

अन्नपूर्ण | *काठमाडौं*

सर्वोच्च अदालतले नेपाली कांग्रेसको वैधानिकतासम्बन्धी विवादमा यसअघि संयुक्त इजलासबाट भएको फैसला पुनरावलोकनका लागि अनुमति दिएको छ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित न्यायाधीशद्वय नित्यानन्द पाण्डेय र श्रीकान्त पौडेलको पूर्ण इजलासले पुनरावलोकनको अनुमति दिएको हो। यसअघि न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयलाई सदर गरेको थियो।

फैसलाको पुनरावलोकनका लागि पूर्वसभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्काले निवेदन दर्ता गरेका थिए। निवेदनमा निर्वाचन आयोग, गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई विपक्षी बनाइएको छ। २०८२ पुसमा भृकुटीमण्डपमा भएको नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरको महाधिवेशनबाट थापालाई सभापति र शर्मालाई उपसभापतिमा निर्वाचित भएको घोषणा गरिएको थियो।

सर्वोच्चले न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम पुनरावलोकनको अनुमति प्रदान गर्दै मुद्दालाई नियमित प्रक्रियाअनुसार अगाडि बढाउन आदेश दिएको हो। दफा ११(२)(ख) मा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा पुनरावलोकनको अनुमति दिन सक्ने व्यवस्था छ।

फाइल फोटो

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ तथा राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम विवरण अद्यावधिक गर्नुअघि सुनुवाइको अवसर नदिइएको दाबी निवेदक पक्षको छ। निर्वाचन आयोगले २०८२ माघ २९ गते गरेको निर्णय सदर गर्ने फैसला सर्वोच्चको संयुक्त इजलासबाट भएको थियो।

» बाँकी पृष्ठ ६

बैंकमा पैसा छ, बजारमा भरोसा छैन !

लगानीकर्ताको मनोबल बढाउन सरकारलाई चुनौती



किरण अधिकारी | *काठमाडौं*

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाको निक्षेप १०.३ प्रतिशतले बढेको छ। वार्षिक आधारमा यो १५ प्रतिशतको वृद्धि हो। तर, सोही अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाह ६.२ प्रतिशतमा मात्र सीमित भएको देखिन्छ। निक्षेप वृद्धिको तुलनामा कर्जा विस्तार निकै सुस्त भएपछि बैंकिङ क्षेत्रमा पर्याप्त लगानीयोग्य तरलता भए पनि उत्पादनशील तथा व्यावसायिक क्षेत्रमा त्यसको उपयोग हुन सकेको छैन।

राष्ट्र बैंकको तथ्यांकले बैंकिङ प्रणालीमा निक्षेप लगातार थपिँदै गएको देखाउँछ। तर, उद्योग, व्यापार, उत्पादन र सेवा क्षेत्रमा अपेक्षित रूपमा नयाँ लगानी विस्तार हुन सकेको छैन। बैंकहरूसँग कर्जा प्रवाह गर्ने क्षमता भए पनि उद्योगी तथा व्यवसायीहरू नयाँ कर्जा लिन हिचकिचाइरहेका छन्। अब प्रश्न उठेको छ- बैंकिङ प्रणालीमा पर्याप्त लगानीयोग्य रकम हुँदाहुँदै पनि निजी क्षेत्रबाट कर्जाको माग किन बढ्न सकेन ?

यस अवधिमा बैंकहरूले कर्जाको ब्याजदरसमेत उल्लेख्य रूपमा घटाएका छन्। वाणिज्य बैंकहरूको औसत कर्जा ब्याजदर अघिल्लो वर्षको ७.९९ प्रतिशतबाट झरेर ६.६४ प्रतिशतमा आएको छ। त्यसैगरी निक्षेपको ब्याजदरमा पनि गिरावट आएको छ। सामान्यतया ब्याजदर घट्दा कर्जाको माग बढ्नुपर्ने सिद्धान्त रहे पनि अहिले ब्याजदर सस्तिँदा समेत कर्जा प्रवाहको गति सुस्त नै छ।

बैंकिङ क्षेत्रका अधिकारीहरूका अनुसार अहिलेको मुख्य चुनौती तरलता अभाव नभई कर्जाको माग नहुनु हो। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार कर्जा विस्तार मुख्यत: लगानीकर्ताको रुचि र आत्मविश्वासमा निर्भर रहन्छ। लगानीकर्ताको मनोबल कमजोर भइरहेका बेला स्थिर सरकार, लगानीमैत्री नीति र नीतिगत स्थायित्व कायम गर्दै लगानीको सुरक्षातर्फ सरकार र राष्ट्र बैंकले विशेष ध्यान दिइरहेको उनले बताए।

'अनिश्चितता हटाउने र लगानीकर्ताको मनोबल बढाउने काममा हामी निरन्तर प्रयासरत छौं,' पौडेलले भने, 'दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जाँदा स्वदेशमा कामदारको अभाव भएको छ। जसका कारण अर्थतन्त्र चलायमान हुन सकेको छैन र त्यसको प्रत्यक्ष प्रभाव बैंकिङक्षेत्रमा परेको हो।'

उद्योगी-व्यवसायी भने बजारमा समग्र माग कमजोर भएका कारण नयाँ लगानी गर्न नसकेको बताउँछन्। उत्पादन बढाएर पनि बिक्री हुने निश्चितता नदेखिँदा थप वित्तीय दायित्व लिने जोखिम उठाउन नसकिएको उनीहरूको तर्क छ।

उद्यमी सुरकृष्ण वैद्यका अनुसार सरकारको पुँजीगत खर्च न्यून रहँदा सर्वसाधारणको हातमा पर्याप्त पुँजी पुग्न सकेको छैन। जसका कारण बजारमा खरिद-बिक्री घट्दै गएको छ। उनका अनुसार हाल करिब ४० प्रतिशत उद्योग मात्र सञ्चालनमा छन्। 'सरकारको कर्जा नीति र समग्र व्यावसायिक वातावरणमा समस्या छ। ऋण सहज भए पनि सरकारले पूँजी र लगानीको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ, अनि मात्र व्यवसायी कर्जा लिन तयार हुन्छन्,' उनले भने। उनका अनुसार जबसम्म उद्यमीले मौजुदा व्यवसायबाट प्रतिफल वा नाफा कमाउन सक्दैन, तबसम्म उसले नयाँ क्षेत्रमा लगानी विस्तार गर्न सक्दैन।

» बाँकी पृष्ठ ६

Sampurna.

सम्पूर्ण नेपाल एउटै एपमा
नेपालको AI-Powered Super App

समाचार – विश्वसनीय र अपडेट समाचार
रेडियो – Live Radio, FM र कार्यक्रम
विनिमय दर – मुद्रा विनिमय दरको अपडेट जानकारी
पात्रो – नेपाली पात्रो, तिथि, बार, योग
राशिफल – राशिफल, कुण्डली र भविष्यवाणी
E-Paper – समाचार पत्रहरुको डिजिटल संस्करण
मौसम – मौसम पुर्वानुमान र अपडेट
सुन-चाँदी दर – सुन, चाँदी दरको ताजा जानकारी
इन्धन मूल्य – पेट्रोल, डिजेल, ग्यास मूल्य जानकारी
Citizen Voice – तपाईंको आवाज हाम्रो जिम्मेवारी
Smart Alerts – सूचना पाउनुहोस्, महत्वपूर्ण अपडेट

हाम्रो विशेषता
Citizen Voice Portal
तपाईंको समस्या, गुनासो र सुझाव सम्बन्धित निकायसम्म पुऱ्याउनुहोस्। तपाईंको आवाज, परिवर्तनको आधार

अहिले नै डाउनलोड गर्नुहोस्।
GET IT ON Google play
Download on the App Store

सम्पूर्ण सेवाहरू, तपाईंको हातमा
नागरिकका लागि सुरक्षित र भरपर्दो डिजिटल प्लेटफर्म
AI प्रविधिबाट व्यक्तिगत अनुभव र स्मार्ट सुझाव
२४/७ सेवा जहिले पनि जहाँ पनि
तपाईंको डेटा हाम्रो सुरक्षा, गोपनीयता हाम्रो प्रतिबद्धता
Good Afternoon,
Search news, services...
आवाज उठाऔं, परिवर्तन ल्याऔं।
Citizens' V...
E-Paper
Radio
Classifieds
Imran Khan in Jail: What Do His Sons, Who Haven't Met Him in Seven Months, Say?
At a Glance
FINE GOLD (24K) Rs 296,000
SILVER Rs 4,570
E-Paper

प्रश्न सुन्नै नसक्ने ‘माननीय’ : जनताको आवाज रोक्न संसद्मै चेतावनी

- निर्मला पन्त हत्या प्रकरणबारे सांसद विष्णुबहादुर विश्वकर्माले सोधेको प्रश्नको उत्तर दिन गृहमन्त्री सुधन गुरुङले संसद्मै पटक-पटक अस्वीकार गर्दै उल्टै प्रश्नकर्ता सांसदलाई नै धम्कीपूर्ण प्रतिप्रश्न गरेका छन्।
- पूर्वाधार विकासमन्त्री सुनील लम्सालको ‘ठेकेदारको खुट्टा भाँचिदिनू’ भन्ने भाइरल धम्कीदेखि प्रधानमन्त्री वालेन्द्र शाह र अन्य सांसदहरूले दिएका विवादित अभिव्यक्तिले संसदीय मर्यादामाथि प्रश्न उठाएको छ।
- संसद्मा नयाँ कडाइ र आचारसंहिताः संसदमा मर्यादा कायम राख्न सभामुख डोलप्रसाद अर्यालले बैठकमा कालो चस्मा नलगाउन, आधिकारिक लोगो अनिवार्य प्रयोग गर्न, तोकिएको ड्रेसकोड पालना गर्न र सेयर कारोबारजस्ता गतिविधि नगर्न कडा निर्देशन दिएका छन्।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

सांसद विष्णुबहादुर विश्वकर्मा: ‘गृहमन्त्रीज्यू, अबको कति महिना, कति दिनभित्र हाम्रो चेली निर्मलाले न्याय पाउँछिन् ?’

गृहमन्त्री सुधन गुरुङः ‘हुन्छ, म यसको उत्तर दिन चाहन्नँ।’

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल: ‘माननीय गृहमन्त्री...’

गृहमन्त्री गुरुङले दोहोर्‍याए: ‘म यसको उत्तर दिन चाहन्नँ।’

संसद्को माथिल्लो सदन राष्ट्रियसभामा बिहीबार सांसदका प्रश्नको गृहमन्त्री सुधन गुरुङले जवाफ दिने कार्यक्रम थियो। सुरुमै सांसद विष्णुबहादुर विश्वकर्माले महेन्द्रनगरकी निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाबारे प्रश्न सोधेका थिए। तर, गृहमन्त्री गुरुङ उल्टै आक्रोशित बने। ‘यसको जवाफ दिन्नँ’ भन्दै टक्टकिए। मुलुकको गृह प्रशासनको साँचो हातमा लिएका गृहमन्त्रीले सांसदका प्रश्नको जवाफ दिनुपर्छ भन्ने हेक्का पनि राखेनन्।

गृहमन्त्री गुरुङ मात्र होइन, पछिल्ला दिनमा सांसद र मन्त्री सार्वजनिक पदको मर्यादाविपरीत प्रस्तुत हुने क्रम बढ्दो देखिएको छ। मर्यादा भुलेर जथाभावी बोल्ने मात्रै होइन, शक्ति र सत्ताको उन्मादमा धाकधम्की दिने काम ‘माननीय’ बाटै भइरहेको छ।

रास्वपाको बलियो सरकारका प्रधानमन्त्री वालेन्द्र शाहले संसद्मा दिएको अभिव्यक्तिको सर्वत्र आलोचना भयो। जेठ १८ गते लिपुलेक, कालापानीमा भारतीय हस्तक्षेपबारे सांसदले सोधेको प्रश्नको जवाफमा प्रधानमन्त्री शाहले ‘नेपालले पनि भारतका धेरै ठाउँमा सीमा मिचेको रहेछ’ भन्ने अभिव्यक्ति दिए, जसको सर्वत्र आलोचना भयो। रास्वपाको महाधिवेशनबाट त्यसको खण्डन गरे पनि प्रधानमन्त्री शाहले संसदको ‘रेकर्ड’ मा रहेको ‘गम्भीर’ अभिव्यक्ति सच्याउन, हटाउन वा माफी माग्ने काम गरेका छैनन्।

जब कि सरकारलाई जवाफदेही बनाउने सर्वोच्च थलो संसद् हो। यस्तो ठाउँमा प्रधानमन्त्रीको सीमाबारेको विवादित अभिव्यक्ति र गृहमन्त्री स्वयंले प्रश्नको उत्तर दिन्नँ भन्ने ‘असंसदीय र अमर्यादित’ व्यवहारले संसदीय प्रणालीमाथि नै प्रहार भइरहेको यस क्षेत्रका जानकारहरू बताउँछन्।

पूर्वाधार विकासमन्त्री सुनील लम्सालका अभिव्यक्ति त झन् पटक-पटक विवादमा पर्दै आएका छन्। मन्त्री लम्सालको ठेकेदारको ‘खुट्टा भाँचिदिनू’ भन्ने अभिव्यक्ति सबैभन्दा आलोचित छ। जेठ ३१ गते मन्त्री लम्सालले काम नगर्ने ठेकेदारको खुट्टा भाँचिदिनू भनेर धम्की दिएको भिडियो सामाजिक सञ्जालमा भाइरल छ।

नौबिसे-मलेखु सडकखण्डको अनुगमनका क्रममा मन्त्री लम्सालले भनेका छन्, ‘यहाँको जो यो बिजुलीको पोलवाला हो नि, त्यो कन्ट्याक्टर (ठेकेदार) कहाँ छ खोजेर ल्याउनु। त्यसलाई पनि यहीँ राख्नु, घर पठाउने होइन। त्यसले काम गरेन भने खुट्टा भाँचिदिनू। मतलब भएन। उनीहरूले चाँडोभन्दा चाँडो पोल सार्नुपर्‍यो। यहाँको पब्लिकले धेरै दुःख पायो।’ मन्त्री लम्सालको उक्त अभिव्यक्तिपछि देशभरका निर्माण व्यवसायी आन्दोलित बने।

सांसदका अभिव्यक्ति झन् विवादमा

सांसदहरू खगेन्द्र सुनार, राजुनाथ पाण्डे, आशिका तामाङ, हर्कराज साम्पाङलगायतका अभिव्यक्तिहरू पनि उस्तै आलोचित र विवादित छन्। रास्वपा सांसद आशिका तामाङमा पार्टीकै महाधिवेशनका क्रममा पार्टीको निर्वाचन आयोगको विषयमा अनभिज्ञता देखिएको थियो। उनले निर्वाचन ढिलाइमा पार्टी होइन, निर्वाचन आयोग जिम्मेवार रहेको अभिव्यक्ति दिइन्। उनले भनेकी थिइन्, ‘यो हाम्रो पार्टीको समस्या होइन। निर्वाचन आयोग जसले परिचालन गर्नुहुन्छ, उहाँहरूको समस्या हो। उहाँहरूले वर्षौंदेखि काठमाडौं, एमाले र माओवादीको महाधिवेशन गरेर आउनुभएको छ। यत्रो महाधिवेशन गर्दा पनि हेर्नु न, यो खालको त्रुटि देख्दा अरूभन्दा जनताले दुःख पाए। यति समयमा मतदान हुन्छ भनेर भन्नुपर्दैन ?’

यसको व्यापक आलोचना भएपछि उनले आफैं फेसबुकमा प्रतिक्रिया दिँदै लेखेकी थिइन्, ‘मैले सोचेँ फागुन २१ जस्तै चुनाव हो, उही निर्वाचन आयोग जस्तो लागेको थियो। पार्टीको निर्वाचन आयोग हुन्छ भन्ने ज्ञान ममा भएन भन्दैमा मिडिया ट्रायल गर्न आवश्यक छ र ?’ मन्त्रीदेखि माननीयसम्मको न अध्ययन छ, न अनुसन्धान, न जिम्मेवारी, न पदीय मर्यादा, जे पायो त्यही बोल्ने प्रवृत्ति बढ्दै गएको छ।

बिहीबार रास्वपाका अर्का सांसद तपेश्वर यादवको अभिव्यक्तिले सिरहाको गोलबजारमा प्रहरीको गोलीबाट मारिएका युवाको श्रद्धाञ्जलि सभाको अवस्था तनावपूर्ण बन्यो। श्रद्धाञ्जलि सभालाई सम्बोधन गर्ने क्रममा सांसद यादवले सुनसरीको देवानगन्जको कप्तानगन्जसहित मधेसका जिल्लाहरूमा घटना घट्नुमा पुराना दल जिम्मेवार रहेको अभिव्यक्ति दिएका थिए।

हालै अर्का काठमाडौं-३ का सांसद राजुनाथ पाण्डेको सेनासँगको विवाद पछिल्लो समय चर्चामा छ। माकलबारीमा सडक विस्तारका क्रममा नेपाली सेनाका क्याप्टेनसँग उनले गरेको जबर्जस्तीको विरोध भएको थियो। बाँके-३ का सांसद खगेन्द्र सुनारका अभिव्यक्ति पनि विवादमा रहँदै आएका छन्। रास्वपा महाधिवेशनमा अतिथिमाथि गरेको शाब्दिक दुर्व्यवहारदेखि जापानमा ज्ञानेन्द्र शाहीसँगको दोहोरी विवादित रह्यो।

कालो चस्मा निषेध, सेयर कारोबारमा रोक

संसद्देखि मन्त्रीसम्मले मर्यादा भुल्न थालेपछि व्यवस्थापिका संसद्ले केही नियम बनाएको छ। सभामुख डोलप्रसाद अर्यालले सांसदहरूलाई बैठकमा कालो चस्मा नलगाउन र तोकिएको ड्रेसकोड अनिवार्य रूपमा पालना गर्न निर्देशन दिएका छन्। बुधबार बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा संसद्को मर्यादा, अनुशासन र पोसाकसम्बन्धी विषयमा छलफल भएको थियो। सभामुख अर्यालले सबै दलका प्रमुख सचेतक र सचेतकमार्फत आफ्ना सांसदलाई ड्रेसकोड कार्यान्वयन गराउन निर्देशन दिए।

हाल प्रधानमन्त्री, केही मन्त्री र सांसदहरू कालो चस्मा लगाएर संसद् बैठकमा सहभागी हुने क्रम बढेको छ। प्रधानमन्त्री बालेन, गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनील लम्साल, सांसद खगेन्द्र सुनारलगायतले प्राय: कालो चस्मा नै लगाउने गरेका छन्। छलफलका क्रममा कांग्रेसकी प्रमुख सचेतक वासना थापाले प्रधानमन्त्री नै कालो चस्मा लगाएर संसद्मा आउने गरेको विषय उठाएकी थिइन्। त्यसपछि सभामुख अर्यालले प्रधानमन्त्री तथा मन्त्रीहरूलाई पनि सम्बन्धित दलले नियम पालना गराउनुपर्ने बताएका थिए।

प्रतिनिधिसभा नियमावलीको नियम २४२ अनुसार सांसदको पोसाक सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा तोक्ने व्यवस्था छ। पोसाक औपचारिक, मर्यादित तथा नेपाली मौलिकता झल्किने हुनुपर्ने उल्लेख छ।

सभामुख अर्यालले कालो चस्मा मात्रै होइन, सांसदको आधिकारिक लोगो अनिवार्य रूपमा लगाउन पनि निर्देशन दिएका छन्। बैठकका बेला लबीमा अनावश्यक भीड नगर्न तथा संसद् बैठक चलिरहँदा सेयर कारोबारजस्ता गतिविधिमा संलग्न नहुन पनि सचेत गराए।

प्रश्न सोध्नेलाई उल्टै धम्की

गृहमन्त्रीसँग सांसदहरूको प्रश्नोत्तर कार्यक्रम थियो। पहिलो प्रश्न सोध्ने पालो पाए सांसद विष्णुबहादुर विश्वकर्माले। उनले प्रश्न गरेका थिए, ‘कञ्चनपुरकी निर्मला पन्तको दिनदहाडै भएको जघन्य बलात्कार र हत्या प्रकरणमा लामो समय बितिसक्दा पनि सरकारले दोषी पत्ता लगाई न्याय दिन नसक्नुको कारण के हो ? यो राज्य संयन्त्रको असक्षमता हो कि कारबाही गर्न नचाहेको उदासीनता हो ? सरकारले हाम्रो चेली निर्मलालाई कहिलेसम्म न्याय दिलाउँछ ?’

जवाफमा गृहमन्त्री गुरुङले सरकार शान्ति सुरक्षा कायम गर्नका लागि निरन्तर लागिरहेको बताए। उनले देशमा हुने हत्या, हिंसा, बलात्कारलगायतका अपराधहरूको अनुसन्धान चरणबद्ध रूपमा भइरहेको जानकारी दिए। निर्मला पन्तको विषयमा किन प्रश्न उठाएको भनेर प्रश्न सोध्ने सांसद विश्वकर्मालाई नै धम्कीपूर्ण प्रतिप्रश्न गरे। उनले भने, ‘माननीयज्यूले उठाउनुभएको विषय एकदमै सेन्सिटिभ छ। यो प्रश्न म हजुरलाई पनि गर्न चाहन्छु, हजुरहरू सत्तामा हुँदाखेरि किन नगर्नुभएको यो ?’

आफू सरकारमा हुँदा काम नगर्ने अनि नयाँ सरकार बनेपछि यो विषय उठाएर घाउलाई कोट्याउने काम किन गरेको भनेर गृहमन्त्रीले उल्टै विश्वकर्मालाई प्रश्न गरे। गृहमन्त्री गुरुङले भने, ‘अहिले हामीलाई आएर त्यो भारी बोकाउँदै गर्दाखेरि माननीयज्यूलाई एउटा आग्रह गर्न चाहेँ, यो एकदम सेन्सिटिभ विषय हो। यो सेन्सिटिभ विषयलाई हामीले जहिले पनि त्यो एउटा आमाको घाउलाई कोट्याएको कोट्याई गर्ने हो कि सदनमार्फत उहाँलाई पीडा दिइराख्ने हो ?’ उनले यो विषय गम्भीर भएकाले चरणबद्ध रूपमा सूक्ष्म तरिकाले अनुसन्धान गरेर नतिजा दिनुपर्ने बताए। र, पुनः प्रश्न गरे, ‘तपाईं कोही मान्छे बित्दै गर्दाखेरि त्यसबारे दिनका दिन सम्झाउँदा, राष्ट्रिय स्तरबाट सम्झाउँदा तपाईंलाई मजा आउँछ होला त ? तपाईंलाई मनमा शान्ति हुन्छ होला त ? यो पनि म हजुरलाई प्रश्न गर्न चाहन्छु।’

गृहमन्त्री गुरुङले वर्तमान सरकारले पनि निर्मलाको विषयमा अनुसन्धान गरिरहेको बताए। उनले भने, ‘यसमा म धेरै कुरा बोल्न सक्दिनँ। बोल्दा उचित हुँदैन होला जस्तो लाग्छ। यो अनुसन्धानको विषय हो, यसमा हामीले सूक्ष्म तरिकाले अनुसन्धान गरिरहेका छौं।’ उनले सांसदहरूलाई यो विषयमा फेरि प्रश्न नउठाउन धम्कीपूर्ण चेतावनी पनि दिए। उनले भने, ‘म सम्पूर्ण माननीयज्यूहरूलाई यसलाई अब प्रतिनिधिसभा र राष्ट्रियसभामा यो प्रश्न नउठाइदिनुहुन विनम्र अनुरोध, आग्रह गर्न चाहन्छु।’

उनले आफूसँग व्यक्तिगत रूपमा भेटेर सुझाव लिन पनि निर्देशन दिए। उनले भने, ‘कुनै विषय छ भने मलाई व्यक्तिगत रूपमा आएर सोध्नुहोला, ‘माननीय मन्त्रीज्यू के भइरहेछ ? कसो छ ?’ भनेर सोध्दाखेरि पनि फरक पर्दैन।’ उनले एउटा आमाको पीडा बारम्बार नकोट्याउन पनि चेतावनी दिए। उनले थपे, ‘त्यसको उत्तर मसँग छ। तर, मैले जहिले पनि यसरी गरेर एउटा आमाको पीडामाथि मलम लगाउनुको साटो बारम्बार यहाँ सदनमा बसेर उहाँको छोरीको सम्झनालाई कोट्याइराख्न मेरो नैतिकताले दिँदैन।’

रोस्ट्रमबाट प्रश्न नगर्न चेतावनी दिएका गृहमन्त्री गुरुङले रोस्ट्रमबाहिर प्रश्न गर्दा भने विस्तृत जानकारी दिन सक्ने दोहोर्‍याए। उनले भनेका छन्, ‘माननीयज्यू, माफी पनि माग्न चाहन्छु, यसको बारेमा मैले राम्रोसित उत्तर दिन सक्दिनँ होला। तर हजुरले एकछिनपछि मलाई सोध्दाखेरि म यसको बारेमा विस्तृत जानकारी दिन सक्छु। सबै माननीयज्यूहरूलाई यो रिक्वेस्ट गरिरहेको छु।’

निर्मला पन्तको विषयमा कुरा सक्नेबित्तिकै गृहमन्त्री अर्को प्रश्नको उत्तर दिन लागे। तर, त्यो प्रश्न सोधिएकै थिएन। राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले पूरक प्रश्नको पालो आउँदै छ भनेर सचेत गराए। त्यसपछि गृहमन्त्री रोकिए। सभाध्यक्ष दाहालले गृहमन्त्री गुरुङलाई आसन ग्रहण गर्न अनुरोध गरे।

सभाध्यक्ष दाहालले प्रश्नकर्ता सांसद विश्वकर्मालाई पूरक प्रश्न गर्न समय दिए। तर, उनले पूरक प्रश्न गरेनन्। गृहमन्त्री गुरुङले उत्तर नदिएपछि आफ्नो विधायकी अधिकार हनन भएको भन्दै सांसद विश्वकर्माले गुनासो गरे। उनले भने, ‘मन्त्रीज्यूले बोल्दै गर्दा मेरो विधायकी अधिकार हनन भएको मैले महसुस गरेको छु। मैले प्रश्न गर्ने र मन्त्रीज्यूले उत्तर दिने यो हाम्रो नैसर्गिक अधिकार हो। हाम्रो संसदीय प्रणालीमा भइरहने कुरा हो। मैले प्रश्न गर्न पाउनुपर्छ र मन्त्रीज्यूले उत्तर दिनैपर्दछ। यो बाध्यताको कुरा हो।’

त्यति भनेर फेरि सांसद विश्वकर्माले त्यही प्रश्न गरे। उनले भने, ‘हाम्रो सरकार बनेको सवा चार महिना भइसकेको छ। छानबिन समितिले त्यति लामो समयसम्म पनि निष्कर्षमा नपुग्नु दुःखको कुरा हो। अबको कति महिना, कति दिनभित्र हाम्रो चेली निर्मलाले न्याय पाउँछिन् ?’ पुनः सोधिएको प्रश्नमा पनि गृहमन्त्रीले जवाफ दिन अस्वीकार गरे। उनले भने, ‘हुन्छ, म यसको उत्तर दिन चाहन्नँ।’

सभाध्यक्ष दाहाल ‘माननीय गृहमन्त्री...’ भन्दै थिए, गृहमन्त्रीले फेरि भने, ‘म यसको उत्तर दिन चाहन्नँ।’ त्यसपछि अर्को प्रश्न गर्ने पालो विश्वकर्माले पाए। उनले सोधे, ‘युवाहरूलाई स्वरोजगार बनाउन, शिक्षा-स्वास्थ्यमा पहुँच पुर्‍याउन, देशभित्रै उद्यमी बनाएर सुन्दर भविष्य देखाउन सक्नुपर्दथ्यो। यसका लागि सरकारी लगानी तथा बजेटको व्यवस्था कसरी गर्नुभएको छ ?’

गृहमन्त्रीले त्यसमा पनि जवाफ दिए, ‘यो मेरो मन्त्रालयको विषयमा छैन, विषयवस्तुमा केन्द्रित हुनुपर्ला।’ यति भनेर उत्तरचाहिँ दिए। उनले यो विषयमा काम गर्ने तीन तहका सरकार रहेको र तीनवटै तहका सरकारले मिलेर काम गर्नुपर्ने बताए। गृहमन्त्री गुरुङले युवाहरूलाई हरेस नखान अपिल गरे।

यस विषयमा आलोचना भएपछि उनले माफी पनि मागेका छन्। उनले भनेका छन्, ‘हजुरहरूबाट हामीले धेरै सिक्न बाँकी छ। सिक्दै जानेछौं। मेरो तर्फबाट अलिकति ठाडो तरिकाबाट भयो जस्तो लाग्यो र यसका लागि म क्षमाप्रार्थी पनि छु। हजुरहरूसँग माफी पनि माग्न चाहन्छु।’

गृहमन्त्रीको भनाइमा प्रतिवाद

गृहमन्त्री गुरुङको धम्कीपूर्ण जवाफपछि सांसदहरू प्रतिवादमा उत्रिएका थिए। कांग्रेस सांसद रञ्जित कर्णले लोकतान्त्रिक र संसदीय व्यवस्थामा मन्त्रीले सांसदहरूलाई प्रश्न सोध्नबाट रोक्नु असंवैधानिक र अलोकतान्त्रिक भएको भन्दै आपत्ति जनाएका थिए। ‘संसदीय व्यवस्थामा जनताको आवाज मन्त्री र प्रधानमन्त्रीसँग सोध्ने माध्यम नै सांसदहरू हुन्। मन्त्रीजीले ‘यो प्रश्न नसोध्नुस्, नसोधिदिनुस्’ भन्नुमा मेरो गम्भीर आपत्ति छ, ‘उनले भने। उनले दुईतिहाइ नजिकको सरकारका मन्त्रीले संसद्मा उठेका प्रश्नहरूको जवाफ दिनुको साटो उल्टै सांसदहरूलाई नै प्रश्न नगर्न चेतावनी दिनुले सरकारको जवाफदेहितामाथि प्रश्न उठेको बताए। उनले भने, ‘मन्त्रीजीलाई सांसदका कुराको जवाफ दिनु जरुरी नहुन सक्छ, तर हामीले प्रश्न सोध्न पाउनुपर्छ, यो हाम्रो अधिकार हो।’

नेपाली कम्युनिस्ट पार्टीकी सांसद मदनकुमारी शाह (गरिमा) ले गृहमन्त्री गुरुङको शैली शोभनीय नरहेको भन्दै आलोचना गरिन्। ‘प्रश्नको उत्तर दिने क्रममा माननीय गृहमन्त्रीज्यूले जुन शैलीमा, जुन भाषामा आफूलाई यहाँ प्रकट गर्नुभयो, यसप्रति म साह्रै दुःख प्रकट गर्न चाहन्छु, असहमति जनाउन चाहन्छु, ‘उनले भनिन्। उनले थप भनिन्, ‘सोध्ने, प्रश्न गर्ने सांसदको अधिकार हो। त्यसप्रति जवाफदेही हुने सरकारको कर्तव्य हो। संसद्मा छलफल गर्दा फेरि भन्न सक्नुहुन्छ– तिमीहरूले हिजोका दिनमा के गर्‍यौ ? भनेर। यस्तो प्रश्न आउन पनि सक्छ।’ उनले मन्त्रीलाई संसद्मा सत्तारूढ पार्टीका सांसदले समेत प्रश्न गर्ने गरेको ख्याल गर्न आग्रह गरिन्। उनले भनिन्, ‘विगतमा हाम्रो पार्टीको सरकार हुँदा पनि हामीले यसैगरी प्रश्न सोध्ने गरेका थियौं। सरकार जसको भए पनि हामी सांसदको हैसियतले प्रश्न सोधिरहनेछौं।’

एमालेका सांसद सोमनाथ पोर्तेलले गृहमन्त्रीको जवाफका कारण प्रश्न गर्ने मानसिकतामा नै परिवर्तन गर्नुपर्छ कि भन्ने अवस्थामा पुगेको बताए। जुन मानसिकताका साथ संसद्मा आफू उपस्थित भएको हो, त्यो खलबलिएको र आफू परिवर्तन हुनुपरेको सांसद पोर्तेल थप्छन्, ‘मन्त्रीज्यूले फेरि भनिहाल्नुहुन्छ– गत वर्ष तिमीहरूको सरकार थियो, त्यो बेला पनि यस्तै विपद् भएको थियो, अघिल्लो वर्ष पनि यस्तो भएको थियो।’

कांग्रेसको राष्ट्रियसभामा संसदीय दलकी नेता कमलादेवी पन्तले मन्त्रीले जवाफ दिन्नँ भनेको विषयमा व्यंग्य गर्दै भनिन्, ‘मन्त्रीज्यूले अब के भन्नुहोला भन्ने डर लाग्यो। किनभने मनसुन जान लागिसक्यो, यति ढिलो प्रस्ताव किन ल्याएको भनेर भनिदिनुहोला भन्ने डर लाग्यो।’

पाकिस्तानको ब्रोड पिक हिमालमा गएको हिमपहिरोमा परी ज्यान गुमाएका नेपाली पर्वतारोही पुरबहादुर गुरुङ (युक्त)को शव बिहीबार काठमाडौं आएपछि शोकाकुल परिवारजन। ब्रोड पिकमा गएको हिमपहिरोमा परी विश्व कीर्तिमानी आरोही निर्मल पुर्जा (निम्स दाइ) सहित १० जनाको निधन भएको थियो। ● अभिषेक महर्जन

कन्सुलर प्रमाणीकरण अब अनलाइनबाटै

काठमाडौं (अन्नपूर्ण) : परराष्ट्र मन्त्रालयले कन्सुलर प्रमाणीकरण सेवालाई डिजिटल माध्यममा रूपान्तरण गर्दै नेपाल ई-एटेस्टेसन सिस्टमको औपचारिक शुभारम्भ गरेको छ। नयाँ प्रणाली भदौ १ गतेदेखि सञ्चालनमा आउनेछ।

सिंहदरबारस्थित मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले सेवाग्राहीले अब संसारको जुनसुकै स्थानबाट अनलाइन आवेदन दिन, आवेदनको अवस्था हेर्न, राजस्व तिर्न तथा प्रमाणीकरणका लागि अनलाइन अपोइन्टमेन्ट लिन सक्ने जानकारी दिए। उनले आफूले परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हालेपछि गरेको पहिलो निर्णय कार्यान्वयनमा आएको उल्लेख गर्दै यसले मन्त्रालयको सेवा प्रवाहलाई थप सहज, पारदर्शी र प्रभावकारी बनाउने दाबी गरे।

उनका अनुसार विदेशमा अध्ययन, रोजगारी, व्यवसाय तथा बसाइँसराइका कारण कन्सुलर प्रमाणीकरण सेवाको माग निरन्तर बढिरहेको छ। आर्थिक वर्ष २०८० र ८१ मा मात्रै १ लाख १२ हजार ५९३ जनाले वैदेशिक अध्ययनका लागि एनओसी प्राप्त गरेका थिए भने वार्षिक करिब ४ लाख नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने गरेका छन्। मन्त्री खनालले विदेशमा रहेका नेपालीका लागि पारिवारिक पुनर्मिलन, आपतकालीन उद्धार, बिमा दाबी, क्षतिपूर्ति तथा अन्य कानुनी प्रयोजनका लागि प्रमाणीकरण गरिएका कागजातको आवश्यकता बढ्दै गएको उल्लेख गरे। नेपालमा एटेस्टेसन र नोटराइजेसन प्रणाली लागू रहेको तथा मन्त्रालयबाट प्रमाणीकरण गरिएका कागजातलाई मित्रराष्ट्रहरूले मान्यता दिने भएकाले सेवाको चाप बढ्दै गएको उनको भनाइ थियो। नयाँ प्रणालीमार्फत सेवाग्राहीले आवेदन स्वीकृत भएपछि मात्र उपयुक्त मिति र समय रोजेर विभागमा उपस्थित हुनुपर्ने व्यवस्था छ।

स्कुलमा कैंची चलाउन रोक, तर रोकिएन पेलाइ !

सागर घले | *काठमाडौं*

सरकारले शिक्षा नियमावलीको १०औं संशोधनको नियम २५ मा विद्यालय परिसर वा कक्षाकोठाभित्र विद्यार्थीको इच्छाविपरीत जबरजस्ती कपाल काट्न वा कटाउन नपाउने स्पष्ट व्यवस्था गरेको छ। नियमावलीअनुसार विद्यार्थीको शारीरिक, मनोवैज्ञानिक तथा मनोसामाजिक अवस्थामाथि नकारात्मक असर पर्ने कुनै पनि गतिविधि गर्न/गराउन पाइँदैन। तर, कानुनी रूपमा प्रतिबन्ध लगाइए पनि व्यवहारमा भने धेरैजसो विद्यालयहरूले अनुशासनको नाममा जबरजस्ती कपाल काट्ने, अपमानित गर्ने र दबाब दिने अभ्यासलाई रोकेका छैनन्।

विद्यार्थीको शारीरिक स्वरूप, पहिरन, शृंगार वा साजसज्जाका आधारमा होच्याउने, लाञ्छित गर्ने, शुल्क नतिरेको बहानामा अपमानित गर्ने तथा परीक्षा वा कक्षाबाट वञ्चित गर्ने कार्यलाई नियमावलीले पूर्ण रूपमा निषेध गरेको छ। तर, कानुन बने पनि मैदानको वास्तविकता भने अझै चुनौतीपूर्ण छ।

कानुनी व्यवस्था एकातिर, विद्यार्थीको सास्ती अर्कोतिर

सरकारी निर्देशिका जारी भए पनि विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले आफूहरूमाथि विद्यालय प्रशासन र शिक्षकहरूबाट दिनहुँ मानसिक तथा शारीरिक दबाब सिर्जना भइरहेको गुनासो गरेका छन्। ललितपुरका एक अभिभावकका अनुसार कपाल तोकिएको मापदण्डअनुसार नकाटे विद्यालयमै जबरजस्ती काटिदिने, अनुशासनात्मक कारबाही गर्ने वा विद्यालयबाटै निष्कासन गर्नेसम्मको मौखिक धम्की दिने गरिएको छ। बिहानी प्रार्थना सभामै लामो कपाल भएका विद्यार्थीलाई उभ्याएर अपमान गर्ने, कक्षामा छिर्न नदिने र अभिभावक बोलाएर कपाल काट्न लगाउने गरिएको छ।

केही विद्यालयमा भने विद्यार्थीको सहमति वा पूर्वजानकारीबिनै जबरजस्ती कपाल काटिएका घटनाहरूसमेत बाहिर आएका छन्। पहिले नै कपाल काटिसकेका विद्यार्थीलाई समेत पुन: जबरजस्ती छोटो पार्न वा खौरिन बाध्य पारिएको छ। कपाल काटिएपछि सहपाठीबाट हुने हाँसो र अपमानजनक व्यवहारका कारण आफूहरूको आत्मविश्वास र मानसिक स्वास्थ्यमा गम्भीर असर परेको गुनासो आउने गरेको छ। उनीहरूले विभिन्न निकायमा लिखित उजुरी र इमेल पठाउँदै निष्पक्ष छानबिन, गोपनीयताको रक्षा र दोषीमाथि कारबाहीको माग गरेका छन्।

यसरी दिनहुँ उजुरीहरू आइरहेको पुष्टि गर्दै शिक्षा विभागका प्रवक्ता महेन्द्र पराजुली भन्छन्, 'अहिले हामीकहाँ दैनिक चारदेखि पाँच उजुरीहरूसम्म हेलो सरकार मार्फत आउने गरेका छन्। प्राप्त गुनासाहरूलाई तत्काल छानबिन गर्न हामीले स्थानीय तहमार्फत विद्यालयमा पत्राचार गरेका छौं। विद्यालय व्यवस्थापन समितिलाई पनि बाल अधिकारको सम्मान हुने गरी आचारसंहिता बनाएर कार्यान्वयन गर्न भनिएको छ। हामी अबको केही दिनमा थप सचेत गराउन सूचना निकाल्ने तयारीमा छौं।'

कपाल काट्ने र अनुशासन कायम गराउने विषयमा विद्यालय सञ्चालक र बाल अधिकारकर्मीबीच मतभेद देखिन्छ। निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन)का केन्द्रीय अध्यक्ष कृष्णप्रसाद अधिकारी विद्यालयको आफ्नै संस्कार र मर्यादा हुने तर्क गर्छन्। 'शिक्षा मन्त्रालयले यो कुरा बुझेर निकाल्यो कि नबुझी निकाल्यो ? नेपाल छुट्टै संस्कृतिमा हुर्केको देश हो, शिक्षालाई संस्कारसँग जोड्नुपर्छ। विद्यालयले विद्यार्थी अनुशासित हुन् भन्ने अपेक्षा राख्छ। अधिकारको नाममा जे पनि दिन थाल्यो भने बालबालिकाले घर र विद्यालयमा सम्मानको संस्कृति गुमाउन सक्छन्।'

तथापि, अध्यक्ष अधिकारी अनुशासनको नाममा दिइने अमानवीय यातनाको भने समर्थन गर्दैनन्। 'विद्यार्थीलाई यसैकारण यातना दिने व्यवहारप्रति हामीले पनि निन्दा गरेका छौं। निजी विद्यालय अभिभावकसँगको सहकार्यले चलेका हुन्, हामी छलफल गरेर निष्कर्षमा पुग्छौं,' उनले थपे, 'यदि कुनै शिक्षक वा विद्यालयले कपाल ठुटो पारिदिने वा शैक्षिक गतिविधिबाट टाढा राख्ने कार्य गरेमा उनीहरू कारबाहीका भागिदार हुन्छन्। त्यस्तालाई शैक्षिक संस्थामा राख्नु हुँदैन।'

बाल अधिकारकर्मीहरू भने अनुशासनको बहानामा बालबालिकाको व्यक्तिगत स्वतन्त्रता र मौलिक अधिकार खोस्न नपाइने बताउँछन्। राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्द विद्यार्थी आफैं उजुरी लिएर आउन थालेको बताउँदै भन्छन्, 'परिषद्मा विद्यार्थी आफैंले हामीलाई स्कुलमै कपाल काट्न बाध्य पारियो भनेर गुनासो गरेका छन्। बालबालिकालाई मानसिक पीडा दिएर स्कुलभित्रै कपाल काट्न बाध्य पार्ने व्यवस्था शिक्षक र स्कुलले गर्नुहुँदैन। सरसफाइका लागि अभिभावकले सम्झाई-बुझाई गर्नुपर्छ, तर सजायका नाममा यातना दिने कुरा बाल अधिकारविपरीत हुन्छ।'

परिषद्का पूर्वअध्यक्ष बमबहादुर बानियाँ भने दुवै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिन्छन्। 'धेरै लामो कपाल पाल्दा आफैंलाई समस्या हुन्छ भनेर विद्यार्थीले पनि बुझ्नुपर्छ। विद्यालयले पनि जबरजस्ती नगरी कपालको अवस्था हेरी सल्लाह दिने हो,' उनी भन्छन्, 'तर त्यसलाई यातनाको हिसाबले लिनु हुँदैन।'

नेपाल संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ को पक्ष राष्ट्र हो। संविधानमा बालबालिकाको मौलिक हकको व्यवस्था हुनुका साथै बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ (२) (घ) मा घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिका विरुद्धको हिंसा तथा कसुर मानिएको छ।

ऐनको दफा ७२ (३) (क) बमोजिम यस्तो कसुर गर्ने वा गराउनेलाई ५० हजार रुपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद सजाय हुने कडा व्यवस्था छ। यसै कानुनी आधारलाई टेकिएर राष्ट्रिय बालअधिकार परिषद्का परियोजना संयोजक श्रीराम अधिकारी बालबालिकाको व्यक्तिगत हक र धार्मिक अधिकारलाई संकुचित गरियो भने त्यो बालअधिकारको उल्लंघन हुने तर्क गर्छन्। 'बालबालिकाको स्वतन्त्रता नियन्त्रण गर्ने विद्यालयका शिक्षक र कर्मचारी प्रचलित कानुनअनुसार ५० हजार जरिबाना र १ वर्ष कैदका लागि तयार भएर बसे हुन्छ,' उनी भन्छन्।

राप्रपा प्रदेश सरकार निर्माणमा टाढै बस्ने

काठमाडौं (अन्नपूर्ण) : राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले प्रदेश सरकार गठन तथा अन्य राजनीतिक गतिविधिमा तत्काल सहभागी नहुने स्पष्ट पारेको छ। राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बिहीबार बसेको बैठकले पार्टीको पूर्वस्वीकृतिबिना प्रदेश सरकारको कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुन प्रदेश संसदीय दल र सांसदहरूलाई कडा निर्देशन दिएको छ। 'प्रदेश सरकारको कुनै पनि राजनीतिक गतिविधिमा राप्रपा सामेल हुँदैन,' पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठले प्रदेश सरकार गठनका विषयमा राप्रपाको धारणा स्पष्ट पार्दै भने, 'कांग्रेस, एमाले र माओवादी नै मिलेर प्रदेश सरकार बनाऊन् भन्ने हाम्रो प्रस्ट धारणा छ।'

बैठकले प्रदेश सरकारका सम्बन्धमा जुनसुकै राजनीतिक निर्णय गर्नुपरेमा त्यसको सम्पूर्ण अधिकार पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनलाई सुम्पिएको छ। अध्यक्षको स्पष्ट निर्देशनबिना प्रदेशस्तरमा कुनै पनि सत्ता समीकरण वा गठबन्धनको खेलमा नलाग्न सांसदहरूलाई सचेत गराइएको छ।

राप्रपाले आगामी मसिर २६, २७ र २८ गते हुने महाधिवेशनको तयारीका लागि १३ वटा समिति गठन गरेको छ। महाधिवेशनको मूल राजनीतिक प्रतिवेदन तयार पार्ने जिम्मेवारी अध्यक्ष राजेन्द्र लिङ्देन स्वयंलाई दिइएको छ।

त्यसैगरी उपाध्यक्षहरू बुद्धिमान तामाङलाई सभा तथा जुलुस, ध्रुवबहादुर प्रधानलाई अतिथि सत्कार र हेमराज गुरुङलाई भोजन व्यवस्थापन समितिको संयोजक तोकिएको छ। महामन्त्रीहरू भुवन पाठकलाई समारोह र राजेन्द्र गुरुङलाई जिल्ला समन्वय व्यवस्थापनको जिम्मेवारी दिइएको छ। आर्थिक समितिमा कोषाध्यक्ष नीलकण्ठ काफ्ले, प्रचार-प्रसारमा प्रवक्ता मोहनकुमार श्रेष्ठ, सांस्कृतिक तथा झाँकी व्यवस्थापनमा पञ्चराम गुरुङ, बौद्धिक सम्पर्कमा डा. विष्णु भण्डारी, शान्ति सुरक्षामा दीपक रञ्जीत, स्वास्थ्यमा सजिना कार्की र स्वयंसेवक व्यवस्थापनमा ध्रुवविक्रम मल्ललाई संयोजक बनाइएको छ। काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला समितिलाई भने स्वागत द्वार व्यवस्थापनको जिम्मा दिइएको छ।

हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड
Himalayan Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था
A subsidiary company of Himalayan Bank Limited

Central Office
Chabahil, Kathmandu, Nepal
Phone: 977-1-4598333, 4598334
E-mail: info@himalayanlaghubitta.com
Website: www.himalayanlaghubitta.com

कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०४/२२ गते)

यस वित्तीय संस्था (साविक सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड) को तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले सम्बन्धित शाखा कार्यालयबाट कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रूपमा साँवा, ब्याज बुझाउनुपर्नेमा विगत लामो समयदेखि किस्ता (साँवा, ब्याज) तिर्न आलटाल गरेको, पटक-पटक लिखित तथा मौखिकरूपमा तरताकिता गर्दा समेत कर्जा तिर्नतर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद र खराब बर्गमा वर्गिकरण भएको तथा कर्जा लिंदाको बखतमा यस वित्तीय संस्थासँग गरेको लिखत तमसुकको शर्तबन्देजहरू समेत उल्लङ्घन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा जमानीकर्ताहरूलाई यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाउनुपर्ने सम्पूर्ण (साँवा, ब्याज) रकम तिर्न बुझाउनु हुन जानकारी गराइन्छ। अन्यथा यसै सूचनालाई आधार मानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद-८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११ बमोजिम तपाई ऋणी तथा जमानीकर्ताहरूलाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखी पठाइने र यस वित्तीय संस्थाको कर्जा नीति तथा बचत परिचालन निर्देशिका-२०८० तथा कर्जा असुली कार्यविधि-२०८२ मा भएको व्यवस्था बमोजिम असुली प्रक्रिया अवलम्बन गरिने भएकोले यसबाट ऋणी तथा जमानीकर्ताहरूलाई पर्न जाने असुविधाप्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रक्रिया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकमसमेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	शाखा कार्यालय	ऋणीको विवरण					जमानीको विवरण			
		नामथर	स्थायी ठेगाना	नागरिकता नं.	पति/पिताको नाम	बाजे/ससुराको नाम	नामथर	स्थायी ठेगाना	नागरिकता नं.	पति/पिताको नाम
१	कान्छीबजार, रुपन्देही	**सीता ज्ञवाली गुरुङ्ग**	ओमसतिया-०१, रुपन्देही	२७८१५	सन्दीप गुरुङ्ग	पूर्ण बहादुर गुरुङ्ग	सन्दीप गुरुङ्ग	ओमसतिया-०१, रुपन्देही	१६१९२	पूर्ण बहादुर गुरुङ्ग
२	शेषमती, काठमाडौं	**सीता लामा**	काठमाडौं-१६, काठमाडौं	१५०६३	जित बहादुर लामा	इन्द्र बहादुर लामा	अन्नपुर्ण थापा क्षेत्री	मनमैजु-०२, काठमाण्डौ	३२६०/४००१९	अर्जुन बहादुर थापा क्षेत्री
३	शेषमती, काठमाडौं	**कमला वुलुन**	लहरेपौवा-०४, रसुवा	२३१०१४/९६४	राम बहादुर वुलुन	वीर बहादुर वुलुन	काली तामाङ	नौकुण्ड-०५, रसुवा	९५३/५७२१	सन्ते तामाङ
४	नयाँरोड, सर्लाही	**हरि माया वि.क.**	हरिवन-०१, सर्लाही	१९/२०८९/१३६४	यम बहादुर विश्वकर्मा	विर बहादुर विश्वकर्मा	यम बहादुर विश्वकर्मा	हरिवन-०१, सर्लाही	१९२०८९/३१२	विर बहादुर विश्वकर्मा
५	बंकुल, रौतहट	**आशा देवी**	सोनरनीया-०७, रौतहट	३२१०५७/३३६०	ताराकान्त प्रसाद माली	नागेन्द्र भगत माली	ताराकान्त प्रसाद माली	सोनरनिया-०७, रौतहट	३२९८	नागेन्द्र भगत माली
६	बंकुल, रौतहट	**सबिता कुमारी चमइन**	सोनरनीया-०७, रौतहट	३२-०१-६९-०४५५६	गणेश राम	राजेन्द्र महरा	गणेश राम	सोनरनिया-०७, रौतहट	२२०६	राजेन्द्र महरा
७	कनकपुर, रौतहट	**खुशवुन नेसा**	गुजरा-०७, रौतहट	३२-०२-७९-०२२६९	नजमुल होदा	शेख अबदुलका	शेख अबदुलका	प्रतापपुरपल्टुवा-०९, रौतहट	४७४६	शेख ऐनुल
८	कनकपुर, रौतहट	**उषा कुमारी**	लक्ष्मीपुर-०९, रौतहट	१८४४	नन्द लाल साह तेली	जगदीश साह तेली	नन्द लाल साह तेली	कनकपुर-०१, रौतहट	७२२	जगदीश साह तेली
९	थकालीचोक, रुपन्देही	**तुलसा चापागाई क्षेत्री**	कन्चन-०३, रुपन्देही	३७-०२-७४-०१३८२	सन्तोष क्षेत्री	पुर्ण बहादुर क्षेत्री	सन्तोष क्षेत्री	रुद्रपुर-०९, रुपन्देही	३७२०३७/७४५२०	पुर्ण बहादुर क्षेत्री
१०	थकालीचोक, रुपन्देही	**माधुरी राना**	रुद्रपुर-०१, रुपन्देही	३७२०३७/७१५४७	पहल सिंह राना	छवि लाल राना	पहल सिंह राना	रुद्रपुर-०१, रुपन्देही	३७२०३७/४६३०७	छवि लाल राना
११	थकालीचोक, रुपन्देही	**कमला देवी पुन मगर**	अयोध्यापुरी-०१, चितवन	३५१०२८/०९	सुरेश पुन मगर	पानवीर पुन मगर	सुरेश पुन मगर	अयोध्यापुरी-०१, चितवन	१२०४/०४४	पानवीर पुन मगर
१२	लालमटिया, दाङ्ग	**केशरी बस्नेत**	सरस्वती-०१, दैलेख	८९९५९/२५७०	सुरज वहादुर वस्नेत	दीपवहादुर वस्नेत	विपिन बस्नेत	नारायण-०१, दैलेख	६३-०१-७१-०२४१०	सुरज वहादुर वस्नेत
१३	लक्ष्मीपुर, दाङ्ग	**सावित्रा डांगी**	धर्ना-०२, दाङ	१४५/५१२	प्रेम बहादुर डांगी	मोहन लाल डांगी	प्रेम बहादुर डांगी	अमृतपुर-०५, दाङ	५९६८/१७८९	मोहन लाल डांगी
१४	चुहा, कैलाली	**दुर्गा देवी साउद**	जानकी-०९, कैलाली	६७-०२-७४-०१३४०	दिल वहादुर साउद	उदय साउद	शान्ता कुमारी साउद	कुस्कोट-०९, अछाम	६९-०१-७३-००४४७	जोती साउद
१५	चुहा, कैलाली	**मेनुका कुँवर**	पायल-०५, अछाम	६९-०१-७१-०२९५४	गोविन्द सिह रोकाया	काला सिह रोकाया	कविता परियार	टीकापुर-०१, कैलाली	६७-०२-७४-०४६०७	हर्क दमाई
१६	चुहा, कैलाली	**चन्द्रा शाह**	भजनी-०४, कैलाली	३१०६८	देव बहादुर बम	तुङध्वज बम	मनसरा देवी बम	दुर्गौली-०१, कैलाली	२९९७०२१७	अर्जुन बहादुर शाह
१७	चुहा, कैलाली	**मिरा देवी डगौरा**	थापापुर-०२, कैलाली	१३५	काली राम डगौरा	दशराम डगौरा	काली राम डगौरा	थापापुर-०२, कैलाली	८३२/१	दशराम डगौरा
१८	चुहा, कैलाली	**कृष्टिना बम**	दुर्गौली-०१, कैलाली	६७२०४१/१४५५४	सँजय बिष्ट	हिक्मत बहादुर बिष्ट	निर्मला गिरी शोभा बम	वान्तातोली-०२, अछाम दुर्गौली-०२, कैलाली	६९१०४१/१७५१० ६७२०४१/६९०४०	टिका गिरी पदम बहादुर सापकोटा
१९	शाहीपुर, बर्दिया	**बिनिता थारु**	नेउलापुर-०२, बर्दिया	३६३५९	दुखराम थारु	बेचन थारु	दुखराम थारु	वगनाहा-०४, बर्दिया	१४६७	बेचन थारु
२०	हाथिलेट, महोत्तरी	**इन्दु देवी सिंह**	मेघनाथगोरहना-०२, महोत्तरी	१८-०१-७२-०२७७७	राम दुलार सिंह	रुपलाल सिंह	रिता देवी हजाम	मेघनाथ गोरहन्ना-०४, महोत्तरी	१८-१-०५६/२९९	विन्दे ठाकुर
२१	हाथिलेट, महोत्तरी	**संगिता देवी**	श्रीपुर-०३, महोत्तरी	१८३०५४/८१७	सुनिर प्रसाद यादव	रामदेव राय	राहुल कुमार यादव	औरही-०३, महोत्तरी	१८-०२-७८-०२७४६	सुनिर प्रसाद यादव
२२	हाथिलेट, महोत्तरी	**दिल कुमारी**	हाथिलेट-०४, महोतरी	१८३०७२/२३६	नरमान गोले तमाँङ्ग	कृष्ण मान गोले तमाँङ्ग	नरमान गोले तमाँङ्ग	विजलापुरा-०७, महोत्तरी	८२३८	कृष्ण मान गोले तमाँङ्ग
२३	मलंगवा, सर्लाही	**सुनिता देवी**	पर्सा-०७, सर्लाही	१९१०/७४९	विन्देश्वर महतो	होरिल महतो	विन्देश्वर महतो	पर्सा-०७, सर्लाही	१९१०४५/८१	होरिल महतो
२४	मलंगवा, सर्लाही	**फुलो देवी**	पर्सा-०८, सर्लाही	१९३०४५/४५४	नवल किसोर ठाकुर	सीताराम ठाकुर	संजय कुमार हजाम	पर्सा-०८, सर्लाही	१९-०१-७३-०१८५८	नवल किशोर ठाकुर
२५	मलंगवा, सर्लाही	**शोभा कुमारी**	पर्सा-०६, सर्लाही	६५७६५०३४	विश्वनाथ राय	राम प्रताप राय	विश्वनाथ राय	पर्सा-०८, सर्लाही	१९३०४५/४०२	राम प्रताप राय
२६	मलंगवा, सर्लाही	**ऐतवरिया कुमारी**	पडरिया-०५, सर्लाही	३८८	विन्देश्वर महरा	विगु महरा	विन्देश्वर महरा	पडरीया-०५, सर्लाही	१९३०६२/२२४	विगु महरा
२७	मलंगवा, सर्लाही	**अनिता देवी**	मुसैली-०९, सर्लाही	१९१०/४२४	भाग नारायण महतो	रामचन्द्र महतो	अरविन्द कुमार महतो	मलंगवा-०७, सर्लाही	१९-०१-७६-०६७९६	भाग नारायण महतो
२८	मलंगवा, सर्लाही	**सुनैना देवी**	पर्सा-०६, सर्लाही	१९-०१-७५-०२१२६	राजेश राय	कपलदेव राय	राजेश राय	पर्सा-०६, सर्लाही	१९१०४५/१०४	कपलदेव राय
२९	मलंगवा, सर्लाही	**नाजरा खातुन**	सुन्दरपुर-०९, सर्लाही	१९-०१-७१-०७७८०	शेख अमानुल रब	शेख विलट	शेख अमानुल रब	सुन्दरपुर-०९, सर्लाही	१९१०६६/२४	शेख विलट
३०	मलंगवा, सर्लाही	**रेखा देवी चौधरी**	मलंगवा-१०, सर्लाही	१९-०१-७१-००८३४	नागेन्द्र चौधरी	राम प्रताप चौधरी	नागेन्द्र चौधरी	मलंगवा-१०, सर्लाही	२९१७३२३८	राम प्रताप चौधरी
३१	मलंगवा, सर्लाही	**किरण कुमारी**	मलंगवा-०९, सर्लाही	१९-०१-७७-२०२९४	मनोज राउत	राम हरी राउत	मनोज राउत	मलंगवा-०९, सर्लाही	१९३०३१/१४२८	राम हरी राउत
३२	जिरोमाईल, सिराहा	**श्याम कुमारी दास**	लहान-१५, सिराहा	१५२००५/२२११७	वमभोल दास	सुवन्ची ताती	वमभोल दास	ढोढना-०८, सिराहा	१५२००१/१५५०	सुवन्ची ताती
३३	जिरोमाईल, सिराहा	**अन्जु कुमारी मुखिया**	लहान-२२, सिरहा	१५-०२-७४-०४३४२	शिबनन्द मुखिया	बडेलाल मुखिया	शिबनन्द मुखिया	सिसवनी-०२, सिरहा	१५१०२७/४	बडेलाल मुखिया
३४	जिरोमाईल, सिराहा	**ममिना खातुन**	लहान-०२, सिरहा	१५२००५/१२१	सफिद रहमान	कारी मिया	सफिद रहमान	लाहान-०९, सिरहा	७५१	कारी मिया
३५	जिरोमाईल, सिराहा	**राम कुमारी साह**	पडरिया-०१, सिरहा	१००५५३७८	उपेन्द्र कुमार साह	उतिम लाल साहु तेली	उपेन्द्र कुमार साह	पडरिया-०१, सिरहा	१००५४२३९ स.सि.ल. २६०	उतिम लाल साहु तेली
३६	जिरोमाईल, सिराहा	**सन्जना कुमारी चौधरी**	सिसवनी-०५, सिराहा	१५२०२७/१४७०३	संजयकुमार चौधरी	विशम्वर चौधरी थारु	संजयकुमार चौधरी	सिसवनी-०५, सिराहा	१२९३३/६३	विशम्वर चौधरी थारु
३७	सिद्धिचरण, ओखलढुङ्गा	**मैया श्रेष्ठ (राई)**	सिद्धिचरण-१३, ओखलढुङ्गा	८७४।३३७	विर बहादुर राई	मकर बहादुर राई	विर बहादुर राई	सिद्धिचरण-१३, ओखलढुङ्गा	६७०। ५१७०३६।३७	मकर बहादुर राई

OCR Reg. No. 1287/067/068
NRB License No. "Gha"/24/068/069
PAN 305039624

सम्पादकीय

विधिको बाटोबाटै समाधान

लोकतान्त्रिक मुलुकमा सरकारले कुनै पनि नागरिकलाई बिनाकारण पक्रन पाउँदैन। राज्यसँग बल र हतियार छ भन्दैमा प्रहरीले अनाहकमा जो-कसैलाई थुन्न मिल्दैन। पक्रनै पर्ने अवस्थामा मनासिब कारण पेस गरी अदालतको अनुमति लिनुपर्ने कानुनी व्यवस्था छ। तर, त्यसका लागि पनि ठोस र मनासिब आधार चाहिन्छ। आरोपित व्यक्ति फरार हुने वा अपराधको प्रमाण नष्ट गर्ने सम्भावना यकिन भएमा मात्र प्रहरीले तत्काल जरुरी पक्राउ पुर्जी थमाएर समात्न सक्छ। तर, वालेन्द्र शाह प्रधानमन्त्री भएयता राज्यका उच्चपदस्थ, प्रतिष्ठित व्यक्ति तथा उद्यमी-व्यवसायीहरू जसरी पक्राउ परे, तीमध्ये अधिकांश अदालतको आदेशबाट भटाभट रिहा हुनुले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ। शाह प्रधानमन्त्री भएको भोलिपल्टै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक समातिए, जसलाई पछि अदालतले स-सम्मान छाड्यो। शाह नेतृत्वको सरकारले पक्राउ गरेका पूर्वअर्थमन्त्री विष्णु पौडेल, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका सीईओ ज्योतिप्रकाश पाण्डे, उद्यमी शेखर गोल्छा, पूर्वमन्त्री तथा निर्माण व्यवसायी विक्रम पाण्डे र पूर्वमन्त्री दीपक खड्कालगायत कोही पनि अहिलेसम्म देश छाडेर भागेका छैनन्। अदालतले छाडेपछि पनि उनीहरू लुकेका छैनन्।

त्यस्तै, साउन १८ गते मात्रै विराटनगरमा व्यवसायी बेनीगोपाल मुन्दडाको निवासमा प्रहरीले बिहान ४ बजेदेखि ५ घण्टासम्म छापा मार्‍यो, तर त्यहाँ पनि केही भेटिएन। सरकार प्रतिशोधपूर्ण ढंगले उत्रियो भनेर लागिरहेको आरोपलाई यिनै दृष्टान्तहरूले पुष्टि गर्छन्। शंकाकै भरमा समात्ने तर कानुनी विधि नपुर्‍याउने प्रवृत्ति हाबी भएको छ। ओली र लेखकहरूलाई रिहा गर्दा अदालतले थुनामै राखेर अनुसन्धान गर्नुपर्ने औचित्य देखेको थिएन। निकटविगतमै बाबुको निधनपछि शोकमा रहेका वृद्ध तथा बिरामी ओलीसँग सरकारले देखाएको व्यवहार अमानवीय थियो। पूर्वमन्त्री पौडेललाई पनि अदालतले ठोस प्रमाणको अभावमा साधारण तारेखमै रिहा गर्‍यो। विद्युतीय कारोबार ऐनअन्तर्गत पक्राउ परेका व्यवसायी दुर्गाप्रसाद प्रसाईं यसै साता २४ घण्टा नबित्दै रिहा भए। सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीले राजनीतिकर्मीमाथि प्रतिशोध नसाँध्ने दाबी गरिरहे पनि सरकारको व्यवहार भने ठीक उल्टो (बिब्ल्याँटो) देखिएको छ। सभ्य समाज र कानुनी राज्यमा 'सयौं अपराधी उम्किउन्, तर एक जना पनि निर्दोष नफसोस्' भन्ने सर्वमान्य सिद्धान्त हुन्छ। तर, वर्तमान सरकारको रवैया भने 'पहिला सुन्ने अनि थुन्ने' हुनुपर्नेमा 'पहिला थुन्ने अनि बल्ल सुन्ने' प्रकारको छ। सरकार विधिको उपहास गर्दै उल्टो गंगा बगाइरहेको छ।

न्यायको सिद्धान्तअनुसार जबसम्म अदालतबाट कसुर प्रमाणित हुँदैन, तबसम्म हरेक व्यक्ति निर्दोष मानिन्छ। पछिल्लो समय जो-जति समातिए, ती प्रहरीको तथ्यगत सूचना वा ठोस प्रमाणका आधारमा पक्राउ परेका थिएनन् भन्ने कुरा उनीहरूको रिहाइमा अदालतले दिएको आदेशबाटै घामजत्तिकै छर्लङ हुन्छ। लोकतान्त्रिक निर्वाचनबाट निर्वाचित सरकारले सामान्य विधिसमेत कुल्चिनु उदेकलाग्दो मात्र होइन, ठूलो विडम्बना पनि हो। सरकारका यस्तै स्वेच्छाचारी हर्कतका कारण मुलुकमा व्यावसायिक वातावरण बन्न सकेको छैन। सामाजिक सञ्जालमा प्रधानमन्त्रीको आलोचना गर्ने वा असन्तुष्टि पोख्नेहरूमाथि साइबर कानुन लगाएर थुन्ने काम भइरहेकाले सर्वसाधारण नागरिकसमेत त्रासमा बाँच्नुपर्ने अवस्था छ। आलोचना गर्ने सञ्चारमाध्यममा तगारो हाल्न सरकारी इसारामा भइरहेका गतिविधिले शाह नेतृत्वको सरकार आलोचना पटक्कै सुन्न र सहन चाहँदैन भन्ने प्रस्ट पार्छ। यो सरासर अधिनायकवादी चरित्र हो। आलोचना लोकतन्त्रको सौन्दर्य हो भने विरोध वा फरक मत प्रकट गर्न पाउने अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको प्राण हो। तसर्थ, नागरिकलाई आन्दोलित हुनैपर्ने बाध्यात्मक अवस्थामा नपुर्‍याऊ सरकार! लामो अस्थिरता, कचिंगल र फोहोरी राजनीतिको चक्रव्यूहलाई चिर्दै नागरिकले दुईतिहाइ बहुमत दिएर सत्तामा पठाएको यो सरकारले बेलैमा आफ्ना कमजोरी सुधारोस्। अहंकारको बाटो त्यागेर विधिको बाटोमा हिँडोस्।

युवाशक्तिमाथि विषको प्रहार

स्वस्थ युवा, सुरक्षित समाज र समृद्ध राष्ट्र निर्माणका लागि लागुऔषधविरुद्धको अभियान राष्ट्रिय प्राथमिकताको विषय बन्नुपर्छ।

डा. शोभाकर पराजुली

अग्रमत

नेपाल विकास, समृद्धि र सुशासनको यात्रामा अघि बढिरहेका बेला अर्को एउटा गम्भीर चुनौती मौन रूपमा विस्तार भइरहेको छ। त्यो चुनौती हो– लागुऔषधको बढ्दो प्रयोग, दुर्व्यसन र संगठित अवैध कारोबार। यो समस्या अब केवल कानुनी वा स्वास्थ्यको विषयमात्र रहेन; यसले शिक्षा, परिवार, अर्थतन्त्र, सामाजिक सद्भाव, सार्वजनिक स्वास्थ्य र राष्ट्रिय सुरक्षासम्म प्रभाव पार्न थालेको छ।

विशेषगरी मधेस प्रदेश यस समस्याको संवेदनशील केन्द्रका रूपमा देखिन थालेको छ। भारतसँगको खुला सीमा, तीव्र सहरीकरण, बेरोजगारी, सामाजिक परिवर्तन, सीमावर्ती व्यापारिक गतिविधि र संगठित अपराध सञ्जालका कारण यहाँ लागुऔषधको जोखिम अन्य प्रदेशको तुलनामा बढी जटिल बनेको हो। त्यसैले मधेसमा देखिएको यो चुनौतीलाई सामान्य अपराधका रूपमा होइन, सार्वजनिक स्वास्थ्य, सामाजिक सुरक्षा र विकाससँग जोडिएको बहुआयामिक राष्ट्रिय चुनौतीका रूपमा बुझ्न आवश्यक छ।

गृह मन्त्रालयद्वारा प्रकाशित लागुऔषध प्रयोगकर्ता सर्वेक्षण तथा पछिल्ला वार्षिक प्रतिवेदनहरूले नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या उल्लेखनीय रहेको र त्यसमा २० देखि २९ वर्ष उमेरसमूहको बाहुल्य रहेको देखाएका छन्। यसले राष्ट्रको सबैभन्दा उत्पादनशील जनशक्ति नै सबैभन्दा बढी जोखिममा रहेको संकेत गर्दछ। पछिल्ला वर्षहरूमा नेपालभर लागुऔषधसम्बन्धी मुद्दा र पक्राउको संख्या बढेको तथ्य पनि सार्वजनिक भएको छ। यद्यपि पक्राउको संख्यामात्र बढेको आधारमा अपराध बढेको निष्कर्ष निकाल्न मिल्दैन। त्यो प्रभावकारी प्रहरी अभियान, गुप्तचर सूचनामा सुधार तथा निगरानी प्रणाली सुदृढ भएको परिणाम पनि हुन सक्छ। त्यसैले तथ्यांकको विश्लेषण गर्दा पक्राउ, बरामदगी, अभियोजन, दोषसिद्धि, पुनर्स्थापना तथा पुन:अपराधका सूचकलाई समग्र रूपमा हेर्न आवश्यक हुन्छ।

आव २०७३/७४ देखि २०८२/८३ सम्मको दशकलाई हेर्दा मधेस प्रदेशमा लागुऔषधसम्बन्धी चुनौती क्रमश: जटिल बन्दै गएको देखिन्छ। संघीय शासन प्रणाली लागू भएपछि प्रदेशगत अभिलेख व्यवस्थित बन्दै गए र मधेस प्रदेशको अवस्थालाई छुट्टै विश्लेषण गर्न सम्भव भयो। पर्सा, बारा, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, सिराहा र सप्तरीजस्ता सीमावर्ती जिल्लामा समय-समयमा ब्राउन सुगर, हेरोइन, गाँजा, ट्रामाडोल तथा अन्य मनोप्रभावी औषधिको बरामदगी र पक्राउका घटनाले समस्या केवल प्रयोगमा सीमित नभई संगठित अवैध कारोबारसँग पनि जोडिएको संकेत गरेका छन्। तर यी घटनाले सम्पूर्ण समाज अपराधमा संलग्न छ भन्ने अर्थ लाग्दैन। सीमित आपराधिक सञ्जालका गतिविधिले सम्पूर्ण समुदायलाई प्रभावित बनाइरहेको यथार्थलाई बुझ्नु आवश्यक छ।



मधेसमा लागुऔषधको समस्या बढ्नुका पछाडि अनेक संरचनात्मक कारण छन्। बेरोजगारी, गरिबी, अवसरको कमी, तीव्र सहरीकरण, पारिवारिक विखण्डन, मानसिक स्वास्थ्य समस्याप्रति बेवास्ता, विद्यालयस्तरमा व्यावहारिक सचेतनाको अभाव तथा पुनर्स्थापना सेवाको सीमित पहुँच प्रमुख कारण हुन्। धेरै युवाले जिज्ञासा, साथीहरूको दबाब वा मानसिक तनावका कारण पहिलो पटक लागुऔषध प्रयोग गर्छन्। पछि यही प्रयोग दुर्व्यसनमा परिणत हुन्छ र त्यसले व्यक्ति, परिवार र समाजलाई दीर्घकालीन क्षति पुर्‍याउँछ। त्यसैले यस समस्यालाई केवल व्यक्तिगत कमजोरीका रूपमा व्याख्या गर्नु गलत हुनेछ; यो सामाजिक, आर्थिक र संस्थागत कमजोरीहरूको परिणाम पनि हो।

मधेस प्रदेशको भौगोलिक अवस्थिति यस समस्याको अर्को महत्त्वपूर्ण पक्ष हो। नेपाल-भारत खुला सीमा दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्धको आधार हो। त्यसैले यसको समाधान सीमा बन्द गर्नु होइन। आवश्यक कुरा आधुनिक प्रविधिमा आधारित सीमा व्यवस्थापन, जोखिम विश्लेषण, संयुक्त गुप्तचर संयन्त्र, डिजिटल निगरानी, अन्तरदेशीय सूचना आदानप्रदान तथा कानुनी व्यापारलाई सहज बनाउँदै अवैध कारोबारलाई नियन्त्रण गर्ने सन्तुलित नीति हो। सीमा सुरक्षालाई मानव अधिकार, व्यापार र स्थानीय जनजीवनसँग सन्तुलनमा राख्न सकेमात्र दीर्घकालीन सफलता सम्भव हुन्छ।

लागुऔषधको बढ्दो प्रभावले शिक्षा क्षेत्रमा पनि गम्भीर असर पारेको छ। विद्यालय र महाविद्यालयमा अध्ययनरत केही विद्यार्थी दुर्व्यसनको जालमा फस्दा पढाइबाट विमुख हुने, अनुशासनहीनता बढ्ने, विद्यालय छोड्ने तथा हिंसात्मक व्यवहार देखिने जोखिम बढ्छ। यसले अभिभावक, शिक्षक र समाज सबैलाई चिन्तित बनाएको छ। शिक्षण संस्थाले केवल पाठ्यक्रम पूरा गर्ने होइन; जीवन-सीप, मानसिक स्वास्थ्य, परामर्श सेवा र लागुऔषधविरुद्ध व्यावहारिक शिक्षा उपलब्ध गराउने केन्द्रका रूपमा पनि विकास हुन आवश्यक छ।

> मधेसमा बढ्दो लागुऔषध संकट कुनै एक मन्त्रालय, एक सुरक्षा निकाय वा एक प्रदेशको मात्र समस्या होइन। यो सम्पूर्ण राष्ट्रको साझा चुनौती हो।

स्वास्थ्य क्षेत्रमा पनि यसको असर गम्भीर छ। लागुऔषधको नियमित प्रयोगले मानसिक रोग, कलेजो र मुटुसम्बन्धी समस्या, संक्रमणजन्य रोग, कुपोषण तथा आत्महत्याको जोखिम बढाउन सक्छ। उपचार र पुनर्स्थापनाको खर्चले परिवारलाई आर्थिक रूपमा कमजोर बनाउँछ। दुर्व्यसनमा फसेका व्यक्तिलाई अपराधीका रूपमा मात्र हेर्ने दृष्टिकोण प्रभावकारी हुँदैन। उनीहरूलाई उपचार, मनोसामाजिक परामर्श, सीप विकास र सम्मानजनक पुनर्स्थापनाको अवसर उपलब्ध गराउनु आधुनिक सार्वजनिक स्वास्थ्य नीतिको महत्त्वपूर्ण पक्ष हो। अर्थतन्त्रमा पनि यसको प्रत्यक्ष प्रभाव देखिन्छ। दुर्व्यसनका कारण श्रमशक्ति कमजोर हुन्छ, उत्पादकत्व घट्छ, स्वास्थ्य उपचारमा खर्च बढ्छ, परिवारको बचत समाप्त हुन्छ र अपराध नियन्त्रणमा राज्यको व्यय बढ्छ। यसले दीर्घकालमा आर्थिक विकासलाई समेत प्रभावित पार्छ।

त्यसैले लागुऔषध नियन्त्रणमा गरिएको लगानीलाई खर्च होइन, मानव पूँजीको संरक्षणमा गरिएको लगानीका रूपमा हेर्नुपर्छ। सरकारले पछिल्ला वर्षहरूमा सीमा निगरानी, विशेष प्रहरी अभियान, जनचेतना कार्यक्रम तथा कानुनी कारबाहीलाई तीव्र बनाएको छ। तर रोकथाम, उपचार, पुनर्स्थापना, मानसिक स्वास्थ्य सेवा, विद्यालय-समुदाय साझेदारी तथा स्थानीय तहको भूमिकामा अझ धेरै सुधार आवश्यक देखिन्छ। लागुऔषध नियन्त्रण सफल हुन प्रहरी, स्वास्थ्यकर्मी, शिक्षक, अभिभावक, स्थानीय सरकार, सञ्चारमाध्यम, धार्मिक संस्था र नागरिक समाजबीच प्रभावकारी समन्वय अपरिहार्य छ। केवल पक्राउको संख्याले सफलता मापन गर्ने परम्परागत दृष्टिकोणबाट बाहिर निस्केर सामाजिक पुनर्स्थापना र माग नियन्त्रणलाई पनि समान प्राथमिकता दिनुपर्छ।

विश्वका विभिन्न देशले लागुऔषध नियन्त्रणमा दण्डात्मक नीतिसँगै सार्वजनिक स्वास्थ्य, उपचार, पुनर्स्थापना र समुदायको सहभागितालाई जोड दिएका छन्। नेपालले पनि त्यही सन्तुलित दृष्टिकोण अपनाउन आवश्यक छ। विशेष गरी मधेस प्रदेशका लागि सीमा व्यवस्थापनमा प्रविधिको प्रयोग, विद्यालयमा अनिवार्य लागुऔषध सचेतना कार्यक्रम, प्रत्येक जिल्लामा गुणस्तरीय पुनर्स्थापना सेवा, युवाका लागि सीप विकास र रोजगारी कार्यक्रम, अभिभावक सचेतना अभियान, स्थानीय तहमा जोखिम नक्सांकन, समुदाय-प्रहरी साझेदारी, डिजिटल निगरानी प्रणाली तथा नेपाल-भारतबीच नियमित सूचना आदानप्रदानको संयन्त्र विकास गर्नुपर्ने आवश्यकता देखिन्छ।

मधेसमा लागुऔषधको समस्या समाधानका लागि केही आधारभूत नीतिगत कदम तत्काल आवश्यक छन्। पहिलो, प्रमाणमा आधारित नीति निर्माण र नियमित तथ्यांक प्रणाली विकास गर्नुपर्छ। दोस्रो, विद्यालय र विश्वविद्यालयमा व्यावहारिक लागुऔषध रोकथाम शिक्षा अनिवार्य गरिनुपर्छ। तेस्रो, प्रत्येक जिल्लामा उपचार र पुनर्स्थापना सेवाको पहुँच विस्तार गर्नुपर्छ। चौथो, युवालाई रोजगारी, उद्यमशीलता र सीप विकाससँग जोड्नुपर्छ। पाँचौं, सीमा क्षेत्रमा आधुनिक स्क्यानिङ, कृत्रिम बुद्धिमत्तामा आधारित जोखिम विश्लेषण र संयुक्त सुरक्षा संयन्त्र सुदृढ गर्नुपर्छ। छैटौं, स्थानीय तहलाई समुदाय-आधारित रोकथाम कार्यक्रम सञ्चालन गर्न कानुनी र वित्तीय अधिकार प्रदान गर्नुपर्छ। सातौं, परिवार र अभिभावकलाई सचेतना तथा परामर्श कार्यक्रममा सक्रिय सहभागी बनाइनुपर्छ। यी कदम प्रभावकारी रूपमा कार्यान्वयन भएमा मात्र दीर्घकालीन सुधार सम्भव हुनेछ।

अन्तत:, मधेसमा बढ्दो लागुऔषध संकट कुनै एक मन्त्रालय, एक सुरक्षा निकाय वा एक प्रदेशको मात्र समस्या होइन। यो सम्पूर्ण राष्ट्रको साझा चुनौती हो। यदि आजै प्रमाणमा आधारित नीति, वैज्ञानिक रोकथाम, प्रभावकारी उपचार, पुनर्स्थापना, सीमा व्यवस्थापन, युवा रोजगारी र सामाजिक जागरणलाई एकीकृत रूपमा अघि बढाइएन भने यसको मूल्य आगामी पुस्ताले चुकाउनु पर्नेछ। तर यदि राज्य, समाज, परिवार र युवाले साझा जिम्मेवारीका साथ अघि बढे भने यो संकटलाई अवसरमा बदल्न सकिन्छ। स्वस्थ युवा, सुरक्षित समाज र समृद्ध राष्ट्र निर्माणका लागि लागुऔषधविरुद्धको अभियानलाई अब राष्ट्रिय प्राथमिकताको विषय बनाउनु समयको अपरिहार्य आवश्यकता हो।

नेपाल-अमेरिका सम्बन्धका सात दशक

प्रा.डा. श्रीराम उपाध्याय

नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने राष्ट्रहरूमा बेलायतपछि संयुक्त राज्य अमेरिका दोस्रो स्थानमा आउँछ। सन् १९४७ अप्रिल २१ (२००४ वैशाख ८) मा संयुक्त राज्य अमेरिकाका राजदूत जोसेफ सी. स्याटरथ्वेटले राजा त्रिभुवनसमक्ष आफ्नो ओहदाको प्रमाणपत्र बुझाउँदै नेपाल स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राष्ट्र रहेको कुरामा गर्व व्यक्त गरेका थिए। यसै समयदेखि नेपाल र अमेरिकाबीच दौत्य सम्बन्धको औपचारिक प्रारम्भ भएको हो, जसले हालसम्म सात दशकभन्दा बढीको यात्रा पार गरिसकेको छ।

सन् १९५८ फेब्रुअरी ३ मा संयुक्त राज्य अमेरिकाको राजधानी वासिङ्टन डीसीमा नेपालको राजदूतावास विधिवत् रूपमा स्थापना भयो। त्यसपछि सन् १९५८ फेब्रुअरी १६ मा जनरल केशरशमशेर जंगबहादुर राणा नेपालको पहिलो राजदूतका रूपमा ओहदाको प्रमाणपत्र बुझाउन वासिङ्टन डीसी पुगेका थिए। दुई देशबीचको आर्थिक तथा विकास सहयोगको कुरा गर्दा, सन् १९५१ जनवरी २३ मा नेपाल र अमेरिकाबीच विकास सहयोगसम्बन्धी पहिलो चारबुँदे सम्झौतामा हस्ताक्षर भएको थियो। उच्चस्तरीय भ्रमणका हिसाबले, सन् १९६० अप्रिल २७ देखि ३० सम्म अमेरिकी राष्ट्रपति ड्वाइट डी. आइजनहावरको मैत्रीपूर्ण निमन्त्रणामा राजा महेन्द्र र रानी रत्नले संयुक्त राज्य अमेरिकाको पहिलो औपचारिक भ्रमण गरेका थिए। त्यस भ्रमणका क्रममा राजा महेन्द्रले अमेरिकी कंग्रेस (संसद्) को संयुक्त बैठकलाई सम्बोधन गरेका थिए। त्यसैगरी, सन् १९६७ अक्टोबर ३० देखि डिसेम्बर ३ सम्म अर्का अमेरिकी राष्ट्रपति लिन्डन बी. जोन्सनको निमन्त्रणामा राजा महेन्द्र र रानी रत्नको दोस्रो अमेरिका भ्रमण भयो। त्यसबखत राजा महेन्द्रले संयुक्त राष्ट्रसंघको साधारण सभालाई पनि सम्बोधन गरेका थिए। भ्रमणको अन्त्यमा दुवै देशबाट संयुक्त विज्ञप्ति जारी गरिएको थियो।

सन् १९६२ मा संयुक्त राज्य अमेरिकाले नेपालको शिक्षा, कृषि र ग्रामीण स्वास्थ्य क्षेत्रमा सहयोग पुर्‍याउन 'पिस कोर' कार्यक्रम लागू गर्‍यो। अमेरिकी सहयोगमै केशरमहल/चेत भवन लाजिम्पाटमा 'नर्मल स्कुल' र पुस्तकालयको निर्माण भएको थियो। पछि यो 'नर्मल स्कुल' (कलेज अफ एजुकेसन) र पुस्तकालय कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयमा स्थानान्तरण भयो। यसै कार्यक्रमअन्तर्गत नेपालका विद्यालयहरूमा पढाउने धेरैजसो शिक्षक-शिक्षिकाहरूले अमेरिकाको ओरेगन विश्वविद्यालयबाट छात्रवृत्तिमा पढ्ने अवसर पाएका थिए। त्यस विश्वविद्यालयका प्राध्यापकहरूले नेपाल भ्रमण गरी शिक्षण तथा शोध निर्देशकका रूपमा समेत काम गरेका थिए।

संयुक्त राज्य अमेरिकाको सहयोग र उच्चस्तरीय भ्रमणको सिलसिलाले निरन्तरता पाउँदै आएको छ। राजा वीरेन्द्रले अमेरिकाको हार्भर्ड विश्वविद्यालयमा अध्ययन गरेका थिए। सन् १९८३ डिसेम्बर ५ देखि १० सम्म अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनको मैत्रीपूर्ण निमन्त्रणामा राजा वीरेन्द्र र रानी ऐश्वर्यको अमेरिका भ्रमण भएको थियो। राजनीतिक परिवर्तनपछि पनि दुई देशबीच उच्चस्तरीय भेटघाट जारी रह्यो। सन् २००२ मे ६ देखि ८ सम्म नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले संयुक्त राज्य अमेरिकाको भ्रमण गरी राष्ट्रपति जर्ज डब्लू. बुससँग द्विपक्षीय हितका विषयमा छलफल गरेका थिए। सन् २००६ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको ६१ औं साधारणसभाका क्रममा उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओली र अमेरिकी विदेशमन्त्री (सेक्रेटरी अफ स्टेट) डा. कोन्डोलिजा राइसबीच भेटवार्ता भएको थियो।

त्यस्तै, सन् २०१८ मा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले अमेरिकी विदेशमन्त्री माइकल पोम्पियोसँग वासिङ्टनमा भेटवार्ता गरेका थिए भने सन् २०२३ मा परराष्ट्रमन्त्री एनपी साउदले अमेरिका भ्रमण गरी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग द्विपक्षीय कुराकानी गरेका थिए। सन् २०२४ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको ७९औं साधारणसभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओली अमेरिका पुगेका थिए। अमेरिकाबाट पनि नेपालमा उच्चस्तरीय भ्रमणहरू भएका छन्। सन् १९७० जनवरीमा अमेरिकी उपराष्ट्रपति स्पिरो एग्निउ र सन् १९९५ मा प्रथम महिला हिलारी क्लिन्टनले नेपाल भ्रमण गरेका थिए। 'कार्बर सेन्टर'का संस्थापक तथा पूर्वअमेरिकी राष्ट्रपति जिमी कार्टरले सन् २००७, २००८ र २०१३ गरी तीनपटक नेपालको भ्रमण गरे। सन् २००२ मा विदेशमन्त्री जनरल कोलिन पावेल र सन् २०२४ अगस्टमा अमेरिकी उप-विदेशमन्त्री (डेपुटी सेक्रेटरी अफ स्टेट फर म्यानेजमेन्ट एन्ड रिसोर्सेज) रिचार्ड आर बर्माले नेपालको भ्रमण गरी उच्चस्तरीय भेटघाट गरेका थिए।

नेपालले अमेरिकामा बसोबास गरिरहेका नेपालीहरूको सुविधाका लागि न्युयोर्क, सान फ्रान्सिस्को, सिकागोलगायतका सहरहरूमा महावाणिज्य दूतावास तथा अवैतनिक वाणिज्यदूतको व्यवस्था गरेको छ। हाल चार लाखभन्दा बढी नेपालीहरू अमेरिकामा इन्जिनियर, डाक्टर, प्राविधिक, आईटी विशेषज्ञ, व्यवसायी तथा अन्य पेसामा कार्यरत छन्। अमेरिकाले नेपालको शान्ति प्रक्रिया, लोकतन्त्र र गणतन्त्रको सबलीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। सन् २०१५ को विनाशकारी भूकम्पका बेला अमेरिकाले आपत्कालीन उद्धार, राहत सामग्री, औषधि र आर्थिक सहयोग उपलब्ध गराएको थियो। कोभिड-१९ महामारीका बेला पनि खोप तथा अन्य स्वास्थ्य सामग्री उपलब्ध गराएर नेपालीको जीवन रक्षामा सहयोग गरेको थियो।

सन् २०१७ सेप्टेम्बरमा संयुक्त राज्य अमेरिकाले 'मिलिनियम च्यालेन्ज कर्पोरेसन' मार्फत नेपालको विद्युत् प्रसारण लाइन र सडक स्तरोन्नतिका लागि ५०० मिलियन अमेरिकी डलर अनुदान सहयोगसम्बन्धी सम्झौता गर्‍यो, जसलाई सन् २०२२ मा नेपालको संघीय संसद्ले अनुमोदन गरेपछि हाल कार्यान्वयनको चरणमा रहेको छ। साथै, दुई देशबीच निरन्तर संवाद कायम राख्न र आयोजनाहरूमा देखिएका समस्या समाधान गर्न परराष्ट्र मन्त्रालयले 'द्विपक्षीय परामर्श संयन्त्र' स्थापना गर्ने सम्बन्धमा सन् २०२४ सेप्टेम्बरमा सम्झौता गरेको छ।

निष्कर्ष : परराष्ट्र मन्त्रालयले अमेरिकामा बसोबास गर्ने प्रत्येक नेपालीको वास्तविक तथ्यांक (डेटाबेस) तयार गर्न त्यहाँस्थित नेपाली राजदूतावासलाई निर्देशन दिनु आवश्यक छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा देखिने भू-राजनीतिक वा क्षेत्रीय तनावका बेला यात्रा गर्दा विशेष सतर्कता अपनाउन प्रवासी नेपालीहरूलाई सचेत गराउनुपर्छ। अमेरिकामा रहेका गैरआवासीय नेपालीका समस्याको उचित सम्बोधन गरिनुपर्छ। हालसम्म कुनै पनि बहालवाला अमेरिकी राष्ट्रपतिले नेपालको भ्रमण गरेका छैनन्; त्यसैले सुरक्षा तथा अन्य कूटनीतिक पहल कदमीमार्फत आगामी दिनमा अमेरिकी राष्ट्रपतिलाई नेपाल भ्रमणका लागि आमन्त्रण गर्ने वातावरण मिलाउनु पर्छ।

कोमिन्ताङको बाटोमा कांग्रेस !

अशोकसिंह विष्ट

सन् १९१२ मा सन् यात-सेनले चीनमा स्थापना गरेको कोमिन्ताङ एक राष्ट्रवादी, शक्तिशाली र प्रगतिशील राजनीतिक दलका रूपमा उदाएको थियो। वर्तमान समयमा कांग्रेसभित्र आन्तरिक गुटबन्दी गहिरिँदै गएको छ। नेतृत्व चयन, नीति निर्माण र संगठन सञ्चालनका विषयमा निरन्तर हुने विवादले पार्टीलाई कमजोर बनाइरहेको छ। गत पुसमा एक पक्षले विशेष महाधिवेशन गरेर नेतृत्व त परिवर्तन गर्‍यो, जसका कारण पार्टीको नेतृत्व गरिरहेको ठूलो समूह मूलधारबाट बाहिर रह्यो। अन्तत: निर्वाचनमा अनपेक्षित परिणाम आयो। नयाँ नेतृत्वले विशेष महाधिवेशन गर्दै गर्दा चमत्कारिक रूपमा पार्टी परिवर्तन हुन्छ र हामी फेरि ठूलो दल बन्छौं भन्ने महत्त्वाकांक्षा राखे पनि जनताले फेरिएको नेतृत्वलाई पत्याएको अवस्था देखिएन।

विशेष महाधिवेशनले न त नेतृत्व परिवर्तनको औचित्य पुष्टि गर्न सक्यो, न त आफ्ना एजेन्डालाई जनतामाझ स्वीकृत नै गराउन सक्यो। बरु विशेष महाधिवेशनपश्चात् कांग्रेस झन् कमजोर हुँदै वैचारिक रूपमा छिन्नभिन्न बनेको छ भने जनजीविकाका सबालमा समेत मूकदर्शक जस्तै बनेको छ। नेतृत्व परिवर्तन गरिए पनि त्यसले पार्टीलाई एकताबद्ध बनाउनुको सट्टा झन् विभाजनतर्फ धकेलेको देखिन्छ। अहिले अरूबेला जस्तै नेतृत्व स्वीकारेका आन्तरिक वैचारिक समूहहरू छैनन्, बरु पार्टी नै विभाजनको सम्भावनाका साथ विभाजित समूहहरू सक्रिय छन्।

कुनै समय कोमिन्ताङको इतिहासमा पनि यस्तै अवस्था आएको थियो। अत्यधिक केन्द्रीकृत नेतृत्व, आन्तरिक असन्तुष्टि र गुटगत संघर्षले पार्टीलाई क्रमश: कमजोर बनाएको थियो। जब कुनै दलभित्र आन्तरिक लोकतन्त्र कमजोर हुन्छ, विचारभन्दा व्यक्तिवाद हाबी हुन्छ र सहकार्यको सट्टा अनुचित प्रतिस्पर्धात्मक द्वन्द्व र पूर्वाग्रह बढ्छ, तब त्यो दल दीर्घकालीन रूपमा टिक्न सक्दैन। कांग्रेस त्यसै पनि वैचारिक विचलनबाट गुज्रिरहेको अवस्थामा नेतृत्वले दम्भ देखायो भने यो झन् कमजोर हुने निश्चित छ।

वैचारिक स्पष्टताको अभाव राजनीतिक दलका लागि गम्भीर समस्या हो। नेपाली कांग्रेसले 'राष्ट्रियता, लोकतन्त्र र समाजवाद'लाई आफ्नो मूल सिद्धान्त मानेको छ। तर व्यवहारमा यी मूल्यहरू कति कार्यान्वयन भएका छन् त भन्ने प्रश्न निरन्तर उठ्ने गरेको छ। आर्थिक नीति, सामाजिक न्याय, सुशासन र विकासको स्पष्ट दृष्टिकोण प्रस्तुत गर्न नसक्दा पार्टीप्रति जनताको विश्वास क्रमश: घट्दै गएको देखिन्छ। जब दल जनताको दैनिक जीवनसँग जोडिन सक्दैन, तब त्यो दलको आधार क्रमश: कमजोर हुन्छ।

यही कारणले जनसमर्थन गुमेपछि शक्तिशाली देखिने दल पनि छिट्टै पतनतर्फ उन्मुख हुन सक्छ। सत्ताकेन्द्रित राजनीति पनि नेपाली कांग्रेसको तीव्र आलोचना हुने पक्ष बनेको छ। कांग्रेस पटक-पटक सत्तामा पुगे पनि दीर्घकालीन सुधार, सुशासन र संस्थागत विकासमा अपेक्षित ध्यान दिन नसक्दा जनतामा निराशा बढेको छ। नीति र सिद्धान्तभन्दा सत्ता प्राप्ति र संरक्षणमा बढी केन्द्रित हुँदा पार्टीको छवि कमजोर बनेको देखिन्छ। कोमिन्ताङको अन्तिम चरणमा पनि यही समस्या देखिएको थियो। सत्ता जोगाउने प्रयासमा सुधारात्मक कदमहरू कमजोर परे, जसले गर्दा वैकल्पिक शक्तिहरू बलियो बने। इतिहासले देखाएको यो यथार्थ आज पनि उत्तिकै सान्दर्भिक छ।

नेतृत्व शैलीको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। कुनै पनि दलको सफलता समावेशी, उत्तरदायी र दूरदर्शी नेतृत्वमा निर्भर हुन्छ। कांग्रेसमा विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन गरिएको भनिए पनि त्यसले पार्टीभित्रको विभाजन अन्त्य गर्न सकेको देखिँदैन। बरु पूर्वाग्रह, आन्तरिक असन्तुलन र असन्तुष्टि अझ बढेको अनुभूति हुन्छ। आन्तरिक लोकतन्त्र कमजोर बन्दै छ, प्रश्न उठाउनेमाथि कारबाहीको डन्डा चलाउनुका साथै पुराना नेतृत्वहरूप्रति वितृष्णा जगाइँदै छ। यस्तो अवस्थामा संगठन सुदृढ र पार्टी बलियो कदापि हुन सक्दैन।

यद्यपि, नेकाका लागि पुनर्निर्माणको सम्भावना अझै समाप्त भइसकेको छैन। यसको ऐतिहासिक भूमिका, सांगठनिक आधार र राष्ट्रियस्तरमा रहेको उपस्थितिजस्ता बलिया पक्ष अझै कायम छन्। तर अहिलेको अवस्थामा आन्तरिक एकता, स्पष्ट वैचारिक दिशा, जनमुखी नीति र उत्तरदायी एवं सर्वस्वीकार्य नेतृत्व हुन अति आवश्यक छ। यदि पार्टीले समयमै आत्मसमीक्षा गर्दै सुधारका ठोस कदम चाल्न सक्यो भने यसले पुन: आफ्नो पुरानो गौरवमय इतिहास हासिल गर्न सक्छ।

अन्तत:, कोमिन्ताङसँगको तुलना कांग्रेसका लागि निराशाको सन्देश पक्कै पनि होइन, बरु सुधारको अवसर हो। समयले दिएको चेतावनीलाई समयमै बुझ्न सके भविष्य सुरक्षित गर्न सकिन्छ। अन्यथा, विगतको गौरवपूर्ण इतिहासलाई मात्र सम्झेर बस्ने दलहरू क्रमश: अप्रासंगिक र कमजोर बन्दै जान्छन् भने नजरअन्दाज गरिएका र आफ्ना औचित्यसमेत पुष्टि गर्न नसकेका, सैद्धान्तिक रूपमा अस्पष्ट दलहरू पनि विश्व राजनीतिमा दिनप्रतिदिन बलिया र शक्तिशाली बन्दै जान सक्छन्।

नेपाली कांग्रेस आज त्यही मोडमा उभिएको छ। निवर्तमान संस्थापन पक्षले बीपीको स्मृतिसभाको अवसर पारेर यही साउन २९ गतेका लागि राष्ट्रिय भेला बोलाएको छ। अहिले एकताको भावनाभन्दा संस्थापन पक्ष प्रतिकारमा उत्रिरहेको जस्तो देखिन्छ। अझै पनि संस्थापन पक्षले दम्भ र अहम् त्याग गरेर लचकताका साथ एकताका लागि संवाद गर्‍यो भने नेपाली कांग्रेस बृहत्तर एकता, नीतिगत सुधार र जनजीविकाका सवालमा आफ्नो आवाज उठाएर आत्मसुधारको बाटो रोज्दै फेरि आफ्नो जनमत फर्काउन सक्छ। नत्र साउन २९ मा पार्टीको विभाजन निश्चित छ र यसले इतिहासको पुनरावृत्तिलाई पहिल्याउँदै कोमिन्ताङजस्तै पतनको बाटो समात्न सक्छ।

कर्णालीमा ग्यास संकट

रातिदेखि लाइन बस्दा पनि खाली हात

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

कर्णाली प्रदेशमा खाना पकाउने एलपी ग्यासको अभाव चुलिँदै गएको छ। कर्णाली प्रदेशको राजधानी सुर्खेतका साथै अन्य जिल्लाहरूमा खाना पकाउने एलपी ग्यासको अभाव चुलिँदै गएको हो।

हरेक जिल्लामा सर्वसाधारण नागरिकहरूदेखि व्यवसायीहरू मारमा परेका छन्। सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा, जाजरकोट, सल्यान र रुकुमपश्चिमका बजारमा ग्यास सहज रूपमा उपलब्ध हुन छाडेको व्यवसायीहरू बताउँछन्। कतिपय डिलरले खाली सिलिन्डर संकलन गरे पनि नयाँ ग्यास दिन नसकेको अवस्था छ भने उपभोक्ता दिनहुँ डिलरकोमा धाइरहेका छन्।

ग्यास आउने थाहा पाउनेबित्तिकै उपभोक्ताको लाइन नै लाग्ने गरेको छ। सुर्खेतमा ग्यास बिक्री वितरण गरिरहेका व्यवसायी देवराज बुढाले भने, आज बिहीबार हाम्रो पसलमा १ सय सिलिन्डर एलपी ग्यास आएकोमा तीन सय नागरिकहरूको लाइन लागेको थियो। प्रशासनकै रोहवरमा बिक्री वितरण गर्दा पनि झन्डै २ सय नागरिकहरूलाई ग्यास पुगेन। यसबाट हामी व्यवासाय गर्ने व्यक्तिहरूलाई पनि हैरानी भइरहेको छ।

ग्यासको अभावका कारण घरपरिवार मात्र होइन, होटल, रेस्टुरेन्ट, बेकरी उद्योग तथा साना व्यवसाय पनि प्रभावित बनेका छन्। विकल्पका रूपमा दाउरा वा विद्युतीय चुलो प्रयोग गर्न खोजे पनि सबै ठाउँमा भरपर्दो विद्युत् सेवा नहुँदा समस्या झन् जटिल बनेको छ। व्यवसायीहरूका अनुसार ग्यास उद्योगबाट आउने कोटा पनि माग भन्दा निकै कम छ। जति कोटा आउछ त्योभन्दा धेरै नागरिकहरूको लाइन हुन्छ।

सुर्खेतका स्थानीय महेन्द्र सापकोटाले भने, राति तीन बजेदेखी लाइन लागियो। बिहान ९ बजे पालो आउने बेलामा ग्यास सकियो भनियो। कति नागरिकहरू त ग्यास डिलरमा दिनहुँ लाइनमा घण्टौं बसेर रित्तो हात घर फर्किरहेका छन्। ग्यासको सहज उपलब्धता किन नभएको हो ? राज्यले यसको बिषयमा ठोष समाधान दिनुपर्छ। उपभोक्ताले भने कृत्रिम अभाव सिर्जना गरेर बढी मूल्यमा ग्यास बिक्री गर्ने प्रयास भइरहेको आशंका व्यक्त गरेका छन्। बजारमा अनुगमन प्रभावकारी बनाउन उनीहरूले सरकारसँग माग गरेका छन्। आयल निगम भन्छ ग्यास नियमित आइसकेको छ। तर बजारमा उपभोक्ताले ग्यास सहज रुपमा पाईरहेका छैनन्। सुर्खेतमा लामो समयदेखि होटल व्यवसाय गरिरहेका समिर तामाङले भने, सुर्खेतमा होटल व्यवसाय गरेको वर्षौं भयो। ग्यास अभावको यस्तो सास्ती त कहिलै भोगिएन्। हामीले होटलको चुलो बाल्न दिनहुँ लाइन लाग्दा पनि माग अनुसारको पूर्ति भएको छैन। यसले हाम्रो व्यवसाय नै बन्द हुने अवस्था छ। ग्यासको सहज आपूर्ति गरेर सरकारले हामीलाई सहज रूपमा व्यवसाय गर्ने वातावरण बनाइदिहोस्।

ग्यास डिलरमा रातिदेखि लाइनमा रहेका सुर्खेतका उपभोक्ताहरू ।
● बिस्नप्रसाद न्यौपाने

कर्णालीका अधिकांश जिल्लामा अहिले ग्यास डिलरमा स्थानीय उपभोक्ताहरूको लाइन छ। यसले सरकारमाथि नै जनआक्रोस पनि बढाइरहेको छ। सहरी क्षेत्रमा ग्यासको प्रयोग उच्च रहेकाले केही दिनको आपूर्ति अवरोधले पनि ठूलो असर पर्ने अवस्था छ। तर महिनौं ग्यास अभावले उपभोक्ताहरू मरमा परेका छन्। कालीकोटका युवा समाजसेवी जगतजंग विष्टले भने, नागरिकको चुलो बाल्ने ग्यास समेत सहज रूपमा उपलब्ध गराउन नसक्ने सरकारले अन्य के सवालहरू सम्बोधन गर्ला ? यसले जनताको सास्तीमा उल्टै सरकारका समर्थकहरू नकारात्मक रूपमा टिप्पणी गरिरहेका छन्। मुलुकमा सरकार भएको अनुभूति नागरिकले गर्नुपर्छ।

ग्यासको आपूर्ति सहज हुनुपर्छ। यस विषयमा सरकार गम्भीर हुनुपर्छ। ग्रामीण क्षेत्रमा दाउरा प्रयोग गर्ने चलन अझै भए पनि बजार केन्द्र, सरकारी कार्यालय, विद्यालय, अस्पताल र होटलहरू ग्यासकै भरमा सञ्चालन हुने भएकाले उनीहरूलाई समस्या भइरहेको छ।

सुर्खेतकी उर्मिला रावलले भनिन्, तीन दिनदेखि ग्यास खोजिरहेकी छु। खाली सिलिन्डर बुझाएको पनि दुई दिन भयो। अझै ग्यास आएको छैन। साना बालबालिका भएको घरमा खाना पकाउन निकै समस्या भएको छ। तीन दिनदेखि होटलबाट खानेकुरा ल्याएर घरमा बालबालिकालाई खुवाउनुपर्ने बाध्यता छ। सरकारले यस्तो संकट आउन नदिन समयमै व्यवस्थापन गर्नुपर्छ।

सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी दिलबहादुर कार्कीले सुर्खेतमा माग अनुसार ग्यास पूर्ति नभएकाले समस्या भइरहेको बताए। उनले भने, नेपालभरि नै समस्या छ। राष्ट्रव्यापी समस्या हो। ग्यास अभावबारे प्रशासन गम्भीर छ। हामीले बजार अनुगमन पनि कडाइका साथ गरेको छ। प्रहरीकै निगरानीमा गयस बिक्री वितरण भइरहेको छ। बजारको नियमित अनुगमन भइरहेको छ। आपूर्ति सहज बनाउन सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिरहेका छौं। दैनिक १ हजार ८ सय आवश्यक पर्ने भेरी ग्यास दैनिक ५ सय ५० मा झरेको छ। अन्य ग्यास ३ सयदेखि ४ सय आइरहेको छ। यसले समस्या भएको हो।

आयल निगम सुर्खेत शाखा प्रमुख दीपक घिमिरेले आपूर्ति सहज रहेको बताए। उनले भने, सुर्खेतमा उपभोक्ताको वास्तविक तथ्यांक छैन। तर, यहाँको सरदर माग २२ हजारदेखि २६ हजार सिलिन्डर हो। हामीले साउन महिनाको २१ गतेसम्म ३६ हजार ८ सय ८३ सिलिण्डर बाँडिसकेका छौं। तर, ग्यास डिलरमा उपभोक्ताको लाइन घटेको छैन। अघिल्लो महिनाको सरदर मागभन्दा बढी १० हजार सिलिन्डर बाँड्दा पनि ग्यास अभाव कायम नै छ। आफ्नो गाडी हुनेहरूले नेपालगञ्जबाट छुट्टै ग्यास पनि ल्याइरहेका छन्। तर, पनि ग्यासको लाइन घट्दैन। यो विषयले हामीलाई पनि निकै सास्ती भइरहेको छ। तर, उपभोक्ताको मागअनुसार ग्यास आपूर्तिका लागि भने हामीले पहल गरिरहेका छौं। त्यसै कामले म आज आफैं नेपालगञ्जमा आएको छु।

सप्तकोशीमा पानीको बहाव उच्च, ३० ढोका खोलिए

रत्नप्रसाद आचार्य | *सुनसरी*

पूर्वीपहाडी जिल्लाहरूमा लगातारको वर्षापछि सप्तकोशी नदीमा पानीको बहाव उच्च भएको छ। सप्तकोशीमा पानीको बहाव बढेर प्रतिसेकेन्ड २ लाख १८ हजार ३ सय क्युसेक पुगेको छ। पानीको बहाव बढेसँगै कोशी ब्यारेजका ५६ मध्ये ३० वटा ढोका खोलिएको छ।

बहाव जोखिमको तहभन्दा धेरैमाथि पुगेपछि खतराको संकेत स्वरूप रातो बत्ती बालिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) चन्द्र खड्काले जानकारी दिए। सप्तकोशीमा पानीको बहाव १ लाख ५० हजार क्युसेक नाघेपछि खतरा मानिन्छ।

अहिले बहाव त्यसभन्दा झन्डै ७० हजार क्युसेक बढी पुगेकाले कोशी तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। नदी किनारमा अनावश्यक रूपमा नजान, माछा मार्न वा डुंगा सञ्चालन नगर्न तथा स्थानीय प्रशासन र सुरक्षा निकायबाट जारी गरिएका सूचनाको पालना गर्न प्रहरीले अनुरोध गरेको छ।

सप्तकोशी नदी नेपालका ७ प्रमुख नदी-सुनकोशी, अरुण, तमोर, दूधकोशी, भोटेकोशी, तामाकोशी र इन्द्रावतीको संगमबाट बनेको नेपालको सबैभन्दा ठूलो नदी हो। पूर्वी नेपालका पहाडी जिल्लाबाट बग्ने यी नदीहरूको पानी वर्षायाममा एकैसाथ बढ्ने भएकाले सप्तकोशीमा बहाव अचानक वृद्धि हुने गर्छ। त्यसैले हरेक मनसुनमा कोशी तटीय क्षेत्र उच्च जोखिममा पर्ने गरेको सुनसरीको श्रीलंका टापुका स्थानीय सन्तोष चन्दबंशीले बताए। २०२२ सालमा भारतको सहयोगमा सप्तकोशीमा ५६ ढोके ब्यारेज निर्माण गरी बाढी नियन्त्रण, सिँचाइ तथा नदी व्यवस्थापनको काम सुरु गरिएको थियो।

अन्तर्राष्ट्रिय संस्थासँग होइन, सरकारसँग जवाफ माग्नू : नागरिक समाज

काठमाडौं (अन्नपूर्ण): नागरिक अगुवा तथा मानवअधिकारकर्मीहरूले अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई स्पष्टीकरण सोध्ने संसदीय समितिको निर्णयप्रति तीव्र आपत्ति जनाएका छन्। उनीहरूले प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिलाई अन्तर्राष्ट्रिय निकायलाई धम्क्याउनुको साटो आफ्नै सरकारलाई संसद्प्रति जवाफदेही बनाउन आग्रह गरेका छन्।

सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँललाई राजीनामा दिन दबाब दिइएको वा महाभियोगको धम्की दिइएको भन्दै गत साउन ८ गते एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आईसीजे) ले संयुक्त वक्तव्य जारी गरेका थिए। वक्तव्यपछि कानुन समितिको बुधबार बसेको बैठकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमार्फत ती संस्थासँग आधिकारिक स्पष्टीकरण माग्न सरकारलाई निर्देशन दिएको थियो। संसदीय समितिको सोही कदमको विरोध गर्दै नागरिक समाजका अगुवाहरूले बिहीबार संयुक्त विज्ञप्ति जारी गरेका हुन्। यति गम्भीर आरोप सार्वजनिक भएपछि संसदीय समितिको पहिलो दायित्व आरोप लगाउने संस्थालाई तर्साउनु नभई सरकारसँगै तथ्य र स्पष्ट जवाफ माग्नुपर्ने उनीहरूको तर्क छ।

विज्ञप्तिमा भनिएको छ, 'संविधान र नियमावलीले समितिलाई सरकारको अनुगमन गर्ने र कार्यपालिकालाई उत्तरदायी बनाउने जिम्मेवारी दिएको छ, अन्तर्राष्ट्रिय संस्थालाई नियन्त्रण वा दबाबमा राख्ने अधिकार दिँदैन।'

नागरिक अगुवाहरूले ती संस्थाहरू नेपाल सरकार वा संसद्ले स्थापना गरेका निकाय नभई मानवअधिकार र न्यायिक स्वतन्त्रताको विश्वव्यापी अनुगमन गर्ने स्वतन्त्र निकाय भएको स्मरण गराएका छन्।

आलोचनाको जवाफ संसदीय शक्ति प्रयोग गरेर दिनु लोकतान्त्रिक नहुने स्पष्ट पार्दै विज्ञप्तिमा लेखिएको छ, 'सरकार वा संसद्ले तथ्यका आधारमा वक्तव्यको खण्डन गर्न सक्छ, तर आलोचकलाई नै स्पष्टीकरण सोधेर दबाब सिर्जना गर्नु लोकतान्त्रिक अभ्यास होइन।'

संयुक्त विज्ञप्ति जारी गर्नेहरूमा सुशील प्याकुरेल, चरण प्रसाईं, सुबोधराज प्याकुरेल, गोपालकृष्ण सिवाकोटी, दिनेश त्रिपाठी, राजु चापागाईं, इन्दु तुलाधर, विजयराज गौतमसहित २९ जना नागरिक अगुवा छन्।

'स्मोकिङ जोन' भएका रेस्टुरेन्टमा मात्रै हुक्का र चुरोट बेच्न पाइने

काठमाडौं (अन्नपूर्ण) : के तपाई होटल तथा रेस्टुरेन्टमा गएर चुरोट वा हुक्का पिउँदै हुनुहुन्छ ? तपाईंले तानेको धुवाँले अन्य व्यक्तिलाई असर गरिरहेको त छैन ? अब ख्याल गर्नुहोस्, नियम उल्लंघन गरे कारबाहीमा पर्नुहुनेछ।

होटल तथा रेस्टुरेन्टमा जाँदा अर्काले पिएको चुरोटको धुवाँका कारण अन्य ग्राहकले सास्ती भोग्नु सामान्यजस्तै बनेको थियो। चुरोट वा हुक्का नपिउने मानिसहरू पनि बाध्य भएर त्यसको धुवाँको जोखिममा पर्नुपरेको थियो। तर अब भने 'स्मोकिङ जोन' अर्थात् धूमपान क्षेत्र नभएका होटल तथा रेस्टुरेन्टले चुरोट वा हुक्का बेच्न पाउने छैनन्।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले एक सूचना जारी गर्दै 'स्मोकिङ जोन' नराखी हुक्का तथा चुरोट बेच्ने रेस्टुरेन्टलाई कारबाही गर्ने चेतावनी दिएको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरीराज पौडेलका अनुसार आवश्यक पूर्वाधार र संरचना निर्माण नगरेका होटलहरूलाई चुरोट तथा हुक्का बिक्री-वितरणमा रोक लगाइनेछ।

'जिल्लाभित्रका होटल तथा रेस्टुरेन्टहरूले अव्यवस्थित रूपमा धूमपान गराउँदा नपिउने व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष असर परेको गुनासो दिनहुँ आउने गरेको छ,' प्रजिअ पौडेलले भने, 'विभिन्न चेतावनीका बाबजुद धेरैजसो सञ्चालकहरूले कानुनी व्यवस्थाको पालना गरेको पाइएन।' सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ कार्यान्वयनमा रहेको स्मरण गराउँदै ऐनविपरीत काम गर्ने जो-कोहीलाई कानुनी कारबाही गरिने उनले स्पष्ट पारे। 'हुक्का वा चुरोट बेच्ने रेस्टुरेन्टमा अरूलाई असर नपर्ने गरी छुट्टै स्मोकिङ जोन हुनुपर्छ। धूमपान गर्दा निस्कने धुवाँ बाहिर नआउने गरी संरचना निर्माण हुनुपर्छ,' उनले भने।

यदि कुनै रेस्टुरेन्टले त्यस्तो मापदण्ड पूरा नगरी हुक्का र चुरोट बेचिरहेको पाइएमा उजुरी गर्नसमेत प्रजिअ पौडेलले सर्वसाधारणलाई आग्रह गरेका छन्। 'खाजा खाने ठाउँमा अरूले फालेको चुरोटको धुवाँ खान बाध्य नहुनुहोस्,' उनले भने, 'असहज परिस्थिति सिर्जना भएमा सो स्थानबारे सरकारलाई जानकारी गराउनुहोस् र उजुरी दिनुहोस्।'

जिल्ला प्रशासन कार्यालयको सूचनाअनुसार अनुगमनका क्रममा तोकिएको मापदण्ड पालना नगरी हुक्का वा चुरोट बेचेको पाइएमा ऐनको दफा १७ अनुसार कानुनी कारबाही हुनेछ। 'नियमनका लागि हरेक नागरिक जिम्मेवार हुनुपर्छ। जहाँ गलत भइरहेको छ, त्यहाँको सूचना प्रशासनलाई दिनुहोस्,' प्रजिअ पौडेलले भने।

उनले प्रशासन कार्यालयका टोलीहरू नियमित अनुगमनमा खटिरहेको जानकारी दिए। गृह मन्त्रालयले पनि सम्पूर्ण रेस्टुरेन्टहरूको अनुगमन गर्न र निगरानी बढाउन सबै जिल्ला प्रशासन कार्यालयहरूलाई परिपत्र जारी गरिसकेको छ। स्थानीय प्रहरी तथा स्थानीय तहले पनि यसको अनुगमन गर्न सक्नेछन्।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वितीय संस्था लि.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

INVITATION FOR SEALED QUOTATION
Date of Publication: 7th August 2026

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd. Invites for sealed quotation from the interested Insurance companies for **Staff- Group Personnel Accident (GPA)** Policy.

Interested Insurance companies can obtain related documents from Laghubitta's General Administration Department at Corporate Office, Banepa-08, Kavrepalanchowk upon payment of **non-refundable of Rs. 1,000/-** in following account :

Account Name : Nic Asia Laghubitta Bittiya Sanstha Ltd
Bank Name : Nic Asia Bank, Panauti Branch
Account Number : 3484154497901049

Documents Required:
- Company Registration Certificate.
- PAN Certificates.
- MOA and AOA.
- Audited Financial Statement for the FY 2081/082
- Tax Clearance Certificate for the FY 2081/082
- Latest Director's Register (Sanchalak Lagat)
- Valid License from Beema Samiti
- Reinsurance Details consisting reinsurer company name and location.
- Sealed Quotation Document Fee deposit Voucher.

***All above company related douments should be duly notaraized and other documents requested.**

Sealed quotation for the requirements mentioned are to be submitted within close of office hour on **21st August 2026** in the prescribed format. Sealed Quoatation should be addressed to General Administration Department and must be submitted in person. Sealed quotation received after deadline will not be accepted. Sealed Quotation shall be opened on **24th August 2026 at 2:00 PM** at Corporate Office, **NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.** The Laghubitta reserves all the right to approve/cancel any/ all the Sealed Quotation Documents.

Corporate Office: Banepa-8, Kavre
Phone : 011-660034/9802269911
www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

अन्नपूर्ण बहुमुखी सहकारी संस्था लिमिटेड
मध्यपुर थिमी नगरपालिका वडा नं.-३, गठ्ठाघर, भक्तपुर
फोन नं. ०१-६६३४३८६, ०१-६६३६५०९

२९औँ वार्षिक साधारण सभा सम्वन्धी सूचना।

यस श्री अन्नपूर्ण बहुमुखी सहकारी संस्था लि.गठ्ठाघर, भक्तपुरको मिति २०८३ श्रावण ५गते वसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय लिन संस्थाको २९ औ वार्षिक साधारण सभा निम्न मिति,स्थान र समयमा वस्ने भएको हुदाँ उक्त साधारण सभामा संस्थाका सवै शेयर सदस्य महानुभावहरुलाई उपस्थितको लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने स्थान, मिति र समयः
मितिः- २०८३ भाद्र २१गते आईतवार
स्थानः- थिमि वैंक्वेट चारदोवाटो थिमि, भक्तपुर
समयः- विहान ११:०० बजे

छलफलका प्रस्तावहरुः
१. संञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने सचिवज्यूको प्रतिवेदन पारित गर्ने सम्वन्धमा।
२. कोषाध्यक्षबाट प्रस्तुत हुने आ.व ०८३/०८४ को अनुमानित आय व्याय (वजेट) प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा।
३. लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा।
४. आ.व. ०८२/०८३को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्वन्धमा।
५. आ.व. ०८३/०८४को लागि लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
६. आ.व. ०८२/०८३ को लाभांश तथा संरक्षित पुँजीकोष वाडफाड गर्ने सम्वन्धमा।
७. व्याजदर परिवर्तन सम्वन्धि अख्तियारी लिने सम्वन्धमा ।
८. संस्थाको विनियम संशोधन र कार्यविधिहरू संशोधन तथा निर्माण सम्बन्धमा
९. संचालक समिति, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको वैठक भत्ता तथा अन्य सेवा सुविधाहरु उपर छलफल गरि पारित गर्ने सम्वन्धमा।
१०. आ.व. २०८२/०८३ मा संचालक समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा।
११. शेयर सदस्यहरुवाट प्राप्त सुझावहरु सम्वन्धमा।
१२. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरुको नाम छनौट गर्ने सम्वन्धमा।
१३. विविध सम्वन्धमा।

पुनश्च :
१. शेयर सदस्यज्यूहरुका तर्फबाट साधारण सभामा कुनै पनि विषयमा प्रस्ताव निर्णयार्थ पेश गर्नु पर्ने भएमा २०८३ भाद्र १५गते सम्म कार्यालय समय भित्र लिखित रुपमा उक्त प्रस्तावहरु दर्ता गर्नु हुन जानकारी गराईन्छ।
२. अन्नपुर्ण उत्कृष्ट शैक्षिक सम्मान पुरस्कार द्धारा सम्मान कार्यक्रम : २०८३ सालको SEE परीक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीहरुलाई अन्नपूर्ण उत्कृष्ट शैक्षिक सम्मान पुरस्कार द्धारा सम्मान गरिने भएकाले आफुले प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी सहित २०८३ भाद्र १५गते सम्म कार्यालय समय भित्र संस्थामा निवेदन दिनुहुन सम्वन्धित अविभावक तथा शेयर सदस्यलाई जानकारी गराइन्छ।

नोट :
१. साधारण सभामा उपस्थित हुने सम्वन्धित शेयर सदस्यलाई परिवहन खर्च (खातामा) उपलब्ध गराइने छ।
२. २०८३ भाद्र १२ गते शुक्रवार विहान ७ :०० वजे मध्यपुर थिमी न.पा.–३ गठ्ठाघर चोकमा संस्थाको २९ औ स्थापना दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रम संचालन गरिने छ।
३. सेवा केन्द्रका शेयर सदस्यहरुले साधारण सभा सम्वन्धि थप जानकारीका लागि सम्वन्धित सेवा केन्द्रमा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ।

राजन प्रसाद पराजुली
सचिव

नबिल बैंक लिमिटेड, गोलबजार शाखा, सिराहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना
(प्रकाशित मिति : २०८३/०४/२२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार घरेलु तथा साना उद्योग विभागमा मिति २०७५/०७/१४ मा प्रा.फ.र.नं. ८८०२/०७५/७६ अन्तर्गत दर्ता भएको **प्रिन्स ज्वेलर्स**।
ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा वडा नं. ०६।
ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:
कैला साहकी बुहारी, विजय कुमार साहकी पत्नि, सिराहा जिल्ला, गोलबजार न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं. १५-०१-७२-००९७९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सिराहा जारी मिति: बि.सं. २०७२/०२/२०), भएकी **शीला कुमारी साह**।

ब्यक्तिगत जमानतकर्ताको विवरण

भोलाई साहको नाति, कैला साहको छोरा, सिराहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ७२५९७१४५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. सिराहा जारी मिति: वि.सं. २०६०/०३/२९), भएको **विजय कुमार साह**।

धितोको विवरण

सिराहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ०७ बस्ने **विजय कुमार साहको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला असनपुर गा.वि.स. वडा नं. ०७ सिट नं. ७क मा स्थित कि.नं. ५८१२ क्षेत्रफल ०-०-४ विगाह घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण:
ऋणी **प्रिन्स ज्वेलर्स** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश-०१ ०२६ च १८४८ भएको Triber RXT.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

कक्षा १२ को पूरक परीक्षामा ८१.१९ विद्यार्थी पास

काठमाडौं (अन्नपूर्ण): राष्ट्रिय परीक्षा बोर्डले गत साउन २ र ३ गते सञ्चालन गरेको कक्षा १२ को पूरक परीक्षाको नतिजा बिहीबार सार्वजनिक गरेको छ।

सार्वजनिक नतिजाअनुसार परीक्षामा सहभागी कुल ७१ हजार ३१० परीक्षार्थीमध्ये ५८ हजार ८ सय ९७ जना (८१.१९ प्रतिशत) ले सबै विषयमा ग्रेड प्राप्त गरी सफलता हासिल गरेका छन्। मर्यादाविपरीत कार्य गरेको भन्दै बोर्डले ३ जना परीक्षार्थीको नतिजा भने रद्द गरेको छ। बोर्डका अनुसार नतिजामा चित्त नबुझेमा प्रतिविषय १ हजार रुपैयाँ दस्तुर तिरेर साउन २४ गतेदेखि ३० गतेसम्म अनलाइनमार्फत आवेदन दिन सकिनेछ। कम्तीमा 'डी' ग्रेड प्राप्त गर्ने विद्यार्थीहरूले नतिजा प्रकाशन भएको १० दिनपछि आवश्यक दस्तुर बुझाएर ट्रान्सक्रिप्ट तथा अन्य प्रमाणपत्रका लागि आवेदन दिन सक्ने बोर्डले जनाएको छ।

नेपाल भ्रमणमा आउँदै भारतीय सेना प्रमुख सेठ

काठमाडौं (अन्नपूर्ण): भारतीय सेना प्रमुख जनरल धीरज सेठ नेपाल भ्रमणमा आउने भएका छन्। उनी साउन ३१ गते काठमाडौं आइपुग्नेछन्। सो अवसरमा उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने छन्।

नेपाल-भारतका सेनाका प्रमुखहरू सन् १९५० देखि एकअर्का मुलुकका मानार्थ सेना प्रमुख रहने प्रचलन रहेको छ। नेपाल बसाइका क्रममा उनले प्रधानसेनापति अशोकराज सिग्देल, राष्ट्रपति पौडेललगायत उच्च अधिकारीहरूसँग छलफल गर्नेछन्। भारत सरकारले ३१ औं सेना प्रमुखको रूपमा सेठलाई ३० जुन २०२६ मा नियुक्त गरेको थियो। उनी पाँचदिने औपचारिक भ्रमणमा नेपाल आउन लागेका हुन्।

सकिन लाग्यो 'एन्टिस्नेक भेनम सेरम'

घरेलु उपचार झन् घातक हुने चेतावनी

निमा योञ्जन | *काठमाडौं*

देशभर सर्पदंशका घटना बढिरहेका बेला यसको उपचारमा प्रयोग हुने 'एन्टिस्नेक भेनम सेरम'को मौज्दात भने निकै सीमित देखिएको छ। हाल देशभर वार्षिक १३ हजार २ सय भाइल एन्टिभेनम आवश्यक पर्नेमा मागको १० प्रतिशतभन्दा कम अर्थात् १ हजार २ सय ६९ भाइलमात्र मौज्दात छ। औषधिको सीमिततासँगै घरमै गरिने परम्परागत तथा अवैज्ञानिक उपचार पद्धतिका कारण बिरामीको अकालमै ज्यान जाने क्रम बढेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकअनुसार वैशाख १ देखि साउन २० गतेसम्म देशभर सर्पदंशका ७ सय ५७ वटा घटना भएका छन्। जसबाट ५६ जनाको मृत्यु भएको छ भने ७ सय ९ जना घाइते भएका छन्।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताका अनुसार हाल केन्द्रीय स्टोरमा १ सय ३८, प्रादेशिक केन्द्र आपूर्तिमा ४ सय ४४, स्वास्थ्य कार्यालयहरूमा २ सय २२ र सर्पदंश उपचार केन्द्रहरूमा ४ सय ६५ गरी जम्मा १ हजार २ सय ६९ भाइल एन्टिभेनम मौज्दात छ।

मन्त्री मेहताले हाल मौज्दात रहेको एन्टिभेनमबाट विषको लक्षण भएका र नभएका गरी करिब ८ सय ५० जना बिरामीको उपचार गर्न सकिने प्राविधिक आकलन रहेको बताइन्। स्वास्थ्य सेवा विभागले १३ हजार २ सय भाइल एन्टिस्नेक भेनम खरिद प्रक्रिया अघि बढाइसकेको र साउन मसान्तसम्म आपूर्ति भइसक्ने गरी व्यवस्था मिलाइएको उनको भनाइ छ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले भने एन्टिभेनमको मौज्दात कम भए पनि उपचारमै भने गम्भीर समस्या नरहेको दाबी गरेका छन्। 'एउटा केन्द्रमा अभाव भए अर्को ठाउँबाट स्थानान्तरण गरेर भए पनि उपचार गरिरहेका छौं,' डा. अधिकारीले भने, 'सबै बिरामीलाई एकैपटक धेरै नचाहिने र केस हेरेर दिइने भएकाले तत्काल ठूलो समस्या छैन।' उनले आगामी १० तारिखसम्म खोपको नयाँ लट आउने र सबै उपचार केन्द्रमा पठाइने जानकारी दिए।

मंगलबार संसद्मा मन्त्री मेहताले तत्काल खोपको कमी हुन नदिन सम्बन्धित निकायहरूसँग समन्वय गरी आपूर्ति र वितरणलाई प्रभावकारी बनाइने बताइन्। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत धेरै मौज्दात भएका केन्द्रबाट कम भएका अस्पताल तथा सर्पदंश केन्द्रहरूमा 'रिभर्स लजिस्टिक' मार्फत एन्टिभेनम स्थानान्तरण भइरहेको उनले जानकारी दिइन्।

अहिले सबै जिल्लास्तर वा सोभन्दा माथिका अस्पतालहरूमा सर्पदंशको उपचार सेवा सुचारु रहेको र दुर्गमका नागरिकलाई लक्षित गरी थप ९१ स्थानमा अतिरिक्त सर्पदंश उपचार केन्द्रको व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ।

औषधिको अभावभन्दा 'अवैज्ञानिक उपचार' घातक

नेपालमा सर्पदंशका बिरामीको अवस्था एन्टिभेनम अभावले भन्दा पनि घरमै गरिने परम्परागत र अवैज्ञानिक उपचारका कारण झन् जटिल बन्ने गरेको स्वास्थ्य मन्त्रालयको निष्कर्ष छ।

सहप्रवक्ता डा. अधिकारीका अनुसार सर्पले टोकेपछि मानिसहरू उपचार केन्द्रमा जानुको साटो सर्प समाउन वा मार्न पछि दौडिने गर्छन्। 'दौडिँदा मुटुको धड्कन बढेर शरीरमा विष तीव्र रूपमा फैलिन्छ,' डा. अधिकारीले भने, 'यसरी कुद्दा लडेर थप चोटपटक लाग्ने र बिरामीको अवस्था झन् नाजुक भई मृत्युसम्म हुने गरेको छ।'

त्यस्तै, टोकेको ठाउँभन्दा माथि डोरी वा कपडाले कसिलो गरी बाँध्दा रगत सञ्चार रोकिएर सो अंग नै काट्नुपर्ने स्थिति आउने तथा घाउमा जडीबुटी र झारफुक गर्दा संक्रमण झन् बिग्रिने गरेको उनी बताउँछन्। संसद्मा मन्त्री मेहताले सर्पदंशलगत्तै झारफुक गर्ने, विष चुस्ने, घाउ चिर्ने वा अत्याधिक कसिलो गरी बाँध्नेजस्ता गल्ती नगरी यथाशीघ्र नजिकैको स्वास्थ्य संस्थामा जानुनै सबैभन्दा सुरक्षित उपाय रहेको बताइन्। उनले सर्पदंशबाट हुने मृत्युदर घटाउन र चेतना फैलाउन सांसदहरूलाई आआफ्नो क्षेत्रबाट सहयोग गर्नसमेत आग्रह गरेकी छन्।

संसद्मा...

बैठक छाडेर गल्ली तथा इन्स्पेक्सन मार्गमा अनावश्यक भीडभाड गर्ने, ल्यापटप लिएर बाहिर बहकिने वा बैठक अवधिभर पूर्ण समय नबस्ने प्रवृत्तिले संसदीय मर्यादामा आँच पुर्‍याएको निष्कर्ष निकालिएको छ। खाजा खाने वा शौचालय जाने समयबाहेक सांसदहरूले संसद् कक्षमै बसेर बहस र कार्यसूचीमा ध्यान दिनुपर्नेमा जोड दिइएको छ। यसका लागि सबै राजनीतिक दलका सचेतकहरूले आआफ्ना सांसदहरूलाई जिम्मेवार र अनुशासित बनाउन विशेष भूमिका खेल्ने सहमति बनेको छ।

बैठकको अर्को महत्त्वपूर्ण छलफल सांसदहरूको पोसाक र राष्ट्रिय पहिचानसँग जोडिएको छ। संसद् भवनभित्र प्रवेश गर्दा जुनसुकै दलका सांसद भए पनि राष्ट्रिय चिह्न अंकित 'लोगो' अनिवार्य रूपमा लगाउनुपर्ने नियमलाई कडाइका साथ लागू गरिने भएको छ। कतिपय सांसदहरू बिना लोगो वा अमर्यादित पोसाकहरू जस्तै हाफकोट, टी-सर्ट वा भद्दा कपडामा उपस्थित हुने गरेकाले त्यसलाई रोक्न तोकिएको ड्रेस कोड अनिवार्य पालना गराउने निर्णय भएको छ।

यसैगरी संसद् कक्षभित्र पूरै कालो चश्मा 'डार्क सनग्लासेस' लगाएर बस्ने प्रवृत्तिबारे पनि छलफल भएको थियो। यस्ता विषयमा छुट्टै ऐन वा कानुन बनाएर प्रतिबन्ध लगाउनुभन्दा पनि सांसदहरू स्वयंले आत्मसमीक्षा र स्व-मूल्यांकन गरी नियन्त्रण गर्दै लैजानु उपयुक्त हुने निष्कर्षमा समिति पुगेको छ। कानुनभन्दा पनि स्व-अनुशासनले नै संसद्को मर्यादा बढाउने धारणा बैठकमा प्रस्तुत भएको थियो। संसद् केवल राजनीतिक भाषण गर्ने थलो मात्र होइन, यो जनताप्रति पूर्णरूपमा जवाफदेही हुने र राज्यलाई सही दिशा निर्देश गर्ने सर्वोच्च निकाय हो। त्यसैले शून्य, आकस्मिक र विशेष समयको हरेक मिनेटलाई जनताका वास्तविक समस्या समाधान गर्नमा केन्द्रित गरिनुपर्छ। संसद्मा शून्य समय, आकस्मिक समय र विशेष समयको सदुपयोगबारे पनि गम्भीर समीक्षा गरिएको छ। सांसदहरूले संसद्मा उभिएर बोल्दा हलुका वा सतही टिप्पणी गर्नुको साटो विषय केन्द्रित, तर्कसंगत र तथ्यमा आधारित भएर प्रस्तुत हुनुपर्नेमा ध्यान आकर्षण गराइएको छ। संसदीय अभिव्यक्तिले देश र जनताको हित प्रतिनिधित्व गर्नुपर्ने भएकाले हरेक सदस्यले आफ्नो भूमिकालाई उत्तरदायी बनाउनुपर्ने बताइएको छ।

बैंकमा...

राष्ट्र बैंकको प्रतिवेदनले पनि निक्षेप वृद्धिदर र निजी क्षेत्रतर्फको कर्जा वृद्धिदरबीच ठूलो खाडल देखाएको छ। यसले बैंकिङ प्रणालीमा अधिक तरलता भए पनि निजी क्षेत्रबाट कर्जाको माग अत्यन्त कमजोर रहेको पुष्टि गर्छ।

विज्ञहरूका अनुसार यस्तो अवस्था लामो समयसम्म रहिरहे अर्थतन्त्रको कुल उत्पादन, रोजगारी सिर्जना र राजस्व संकलनमा समेत गम्भीर असर पर्न सक्छ। बैंकमा निक्षेप सञ्चित हुनु मात्र सकारात्मक सूचक होइन, उक्त पुँजी उत्पादनमूलक क्षेत्रमा परिचालन हुन नसक्नु अर्थतन्त्रको सुस्तताको सूचक हो। अर्थविद् डा. चन्द्रमणि अधिकारीका अनुसार हाल लगानीमैत्री वातावरण नभएका कारण बैंकिङ क्षेत्रमा निक्षेप संकलन मात्र बढिरहेको हो। 'प्रत्येक लगानीकर्ताले आफ्नो लगानीको सुरक्षा र प्रतिफलको सम्भावना हेरेर मात्र कर्जा लिन्छ। साना, मझौला तथा घरेलु उद्योगले सहज रूपमा कर्जा नपाउने र झन्झटिलो कागजी प्रक्रियाले गर्दा पनि उद्यमीहरू अन्योलमा परेका हुन्,' उनले भने। सरकारले कर्जा प्रवाह प्रक्रियालाई सरलीकृत गर्दै व्यावसायिक सुरक्षाको प्रत्याभूति दिनुपर्ने उनको भनाइ छ।

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत कर्जा विस्तारलाई प्रोत्साहन गर्ने नीति लिएको भए पनि त्यसको प्रभाव व्यावहारिक रूपमा देखिएको छैन। जनशक्ति पलायन, बजारको मन्दी र निजी क्षेत्रको घट्दो आत्मविश्वासका कारण बैंकिङ प्रणालीमा तरलता थुप्रिएको छ। अहिलेको मुख्य चुनौती बैंकिङ प्रणालीमा पुँजी संकलन गर्नु होइन, उद्योगी र व्यवसायीमा लगानी गर्ने आत्मविश्वास पुनःस्थापना गर्नु हो। 'बजारको माग, नीतिगत स्थायित्व र व्यावसायिक वातावरणमा सुधार नभएसम्म केवल ब्याजदर घटाएर मात्र कर्जा विस्तारले गति लिन कठिन देखिन्छ,' अधिकारी भन्छन्, 'अहिले बैंकिङ क्षेत्रको वास्तविक प्रश्न बैंकहरूसँग कति तरलता छ भन्ने होइन, त्यो पुँजी उत्पादनशील र रोजगारी सिर्जना गर्ने क्षेत्रमा किन परिचालन हुन सकेन भन्ने बनेको छ।'

कांग्रेस...

पुनरावलोकनका लागि दुई नजिरको आधार

गत वैशाख ४ गतेको फैसलाविरुद्ध परेको निवेदनमा सर्वोच्चबाट प्रतिपादित कानुनी सिद्धान्तको परिपालनासम्बन्धी प्रश्न उठेकाले पुनरावलोकनको अनुमति दिइएको आदेशमा उल्लेख छ। फैसलामा सर्वोच्चबाट २०६८ र २०६९ सालमा प्रतिपादित कानुनी सिद्धान्तसमेतको परिपालनाको प्रश्न सन्निहित रहेको जनाइएको छ।

२०६८ सालमा वीरबहादुर अहिरविरुद्ध गृह मन्त्रालयको मुद्दामा सर्वोच्चको पाँच सदस्यीय पूर्ण इजलासले कुनै निर्णयबाट कसैको हक-अधिकारमा आघात पर्छ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य एवं स्वाभाविक हुने व्याख्या गरेको थियो। सुनुवाइको मौका नदिई गरिएको निर्णयले न्यायिक प्रक्रियामा वैधानिक मान्यता प्राप्त गर्न नसक्ने सिद्धान्त उक्त मुद्दामा प्रतिपादन गरिएको थियो।

त्यस्तै २०६९ सालको रत्नकाजी महर्जनसमेत विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेको मुद्दामा सर्वोच्चको पूर्ण इजलासले कुनै पनि न्यायिक प्रकृतिको निर्णय गर्दा न्याय सम्पादन गर्ने निकाय सदा निष्पक्ष हुनुपर्ने व्याख्या गरेको थियो। हरेक पक्षलाई पूर्ण र स्वच्छ रूपमा सुनुवाइ गर्ने यथेष्ट मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्त रहेकाले त्यसलाई उपेक्षा गर्न नहुने सिद्धान्त सो मुद्दामा प्रतिपादन गरिएको थियो।

कांग्रेसको आधिकारिकताको उक्त मुद्दा अब सर्वोच्च अदालतको पूर्ण इजलासमा सुनुवाइ हुनेछ। यसअघि आधिकारिकता विवादमा फैसला गरेका न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौलाका साथै पुनरावलोकनको आदेश दिने प्रधानन्यायाधीश डा. शर्मा तथा न्यायाधीशद्वय पाण्डेय र पौडेल बाहेकका न्यायाधीशहरूको पूर्ण इजलासले पुनरावलोकनमार्फत कांग्रेसको आधिकारिकता विवादको अन्तिम टुंगो लगाउनेछ।

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तससिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रकिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रकिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पति गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम	धितो विवरण
शाखा कार्यालय: बाइपास रोड शाखा, पर्सा	
१. वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज, पर्सामा प्रा.फ.नं.: ३८६८९/०७६/७७ स्थानीय व्यापार कायम भइ मिति २०७६/०४/२३ मा दर्ता कायम भएको **आरती शू सेन्टर (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **कलिया कुमारी देवी** व्यक्तिगत जमानी दिने: **सुभास साह कानु, शिव शंकर साह कानु, कान्ती देवी, रुपन साह कानु, प्रतिमा देवि, डोमा साह कानु र मुकेश साह कानु** **यसअघि प्रकाशित सूचना**: मिति २०८१।१२।१० को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।०३।१६ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना । मिति २०८२।०४।२६ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम विक्रीको सूचना । मिति २०८३।०२।०६ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम विक्रीको सूचना ।	अच्छे लाल साह कानुको बुहारी डोमा साह कानुको पत्नी, बारा जिल्ला बहुअरी गा.वि.स. वडा नं. ७ (हाल परिवतिर्तित परवानीपुर गा.पा. वडा नं. ०५) बस्ने **कलिया कुमारी देविको** नाममा दर्ता कायम रहेको बारा जिल्ला नौतन गा.वि.स वडा नं. ४ (हाल परिवतिर्तित परवानीपुर गा.पा वडा नं ५) स्थित कित्ता नं ३६१ को क्षेत्रफल ०-०-३-१४ (घर), कित्ता नं. ३६५ को क्षेत्रफल ०-०-२-३, कित्ता नं. ३६३ को क्षेत्रफल ०-०-५-५ र सिट नं. १२१ स्थित कित्ता नं. ५०४ को क्षेत्रफल ०-०-१० (विघा) जग्गा समेत।
२. घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारामा प्रा.फ.नं. घ.उ.वि. ७६५७/९२१/०७५/७६ कायम भइ मिति २०७६/०३/१५ मा दर्ता भएको **जगदम्बा मेटल ईण्डस्ट्रीज (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **संजय कुमार गुप्ता** व्यक्तिगत जमानी दिने: **विजय लक्ष्मी गुप्ता, चन्द्रावति देवी गुप्ता र श्रीमती शान्ती देवी कानु** **यसअघि प्रकाशित सूचना**: मिति २०८१।०९।२१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।१।०४ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।०२।०७ को अन्नपूर्ण राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।११।१७ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।	१. विश्वनाथ प्रसाद कानुको बुहारी विष्णु प्रसाद गुप्ताको छोरी संजय कुमार गुप्ताको पत्नी पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा. वडा नं. ५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. ५) बस्ने **विजय लक्ष्मी गुप्ताको** नाममा दर्ता कायम रहेको बारा जिल्ला पर्सौनी गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित पर्सौनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल ०-२-९-०, कित्ता नं. ८७ को क्षेत्रफल ०-०-६-०, कित्ता नं. ३४७ को क्षेत्रफल ०-०-१६-० र कित्ता नं. ३४९ को क्षेत्रफल ०-१-९-० (विघा) घर/जग्गा समेत । २. यस हिमालयन बैंक लि. धनी र **जगदम्बा मेटल ईण्डस्ट्रीज** ऋणी कायम भई दर्ता भएको बागमती प्रदेश-०१ ०२६ च ६५६९ को च्यासीस नं. MBHCZCB3SMJ886367 इन्जीन नं. K12NP1126253 को Maruti Suzuki Swift VXI, 2021 निजी कार ।
शाखा कार्यालय: लमही शाखा, दाङ	
वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, दाङ)मा प्रा.फ.र. दर्ता नं. ४५५/१३६/२०६४/०६५ स्थ.व्या. कायम भई मिति २०६४/०८/७ मा दर्ता भएको **सुरज ईलेक्ट्रोणिक (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **सुरेन्द्र के.सी.** व्यक्तिगत जमानी दिने: **सिता पौडेल (के.सी.)** **यसअघि प्रकाशित सूचना**: मिति २०८१।१०।०९ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।०१।१९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।०४।०६ को नागरिक राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।१२।०१ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८३।०३।२० को नागरिक राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	१. बम बहादुर के.सी.को नाति सुर्य बहादुर के.सी.को छोरा प्यूठान जिल्ला मरन्ठाना गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित प्युठान न.पा. वडा नं. १०) बस्ने **सुरेन्द्र के.सी.** को नाममा दर्ता कायम रहेको: क) दाङ जिल्ला सोनपुर गा.वि.स. वडा नं. १क (हाल लमही न.पा. वडा नं. १) स्थित कित्ता नं. २४१ को क्षेत्रफल ६७७.१७ वर्ग मिटर घर/जग्गा समेत । ख) दाङ जिल्ला गढवा गा.वि.स. वडा नं. २ (हाल गढवा गा.पा. वडा नं. ६) स्थित कित्ता नं. १०३० को क्षेत्रफल १८२.८० र कित्ता नं. ७०५ को क्षेत्रफल ११८.५२ वर्ग मिटर जग्गा समेत। २. सुर्य बहादुर के.सी.को बुहारी हरी बहादुर खत्रीको छोरी सुरेन्द्र के.सी. को पत्नी दाङ जिल्ला चौलाही गा.वि.स. वडा नं. २ (हाल परिवर्तित लमही न.पा. वडा नं. ५) बस्ने **सिता पौडेल (के.सी.)** को नाममा दर्ता कायम रहेको दाङ जिल्ला चैलाही गा.वि.स. वडा नं. ३ङ (हाल परिवर्तित लमही न.पा. वडा नं. ६) स्थित कित्ता नं. २७३८ को क्षेत्रफल १४७.१७ र कित्ता नं. २७४१ को क्षेत्रफल ९१.८८ वर्ग मिटर जग्गा समेत ।
शाखा कार्यालय: जितपुर सिमरा शाखा, बारा	
१. घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्ज, पर्सामा लघु उद्यम दर्ता नं. ११०/०७४/०७५ कायम भई मिति २०७४/०४/२० मा दर्ता भएको **अम्मर सन टुर एण्ड ट्राभल्स (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **फूलमती कुमारी** व्यक्तिगत जमानी दिने: **किशोरी साह**	रामदेव साहकी बुहारी अरजे साह तेलीकी छोरी किशोरी साहकी पत्नी बारा जिल्ला मोतीसर गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित कलैया उप म.न.पा. वडा नं. १८) बस्ने **फूलमती कुमारीको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा वडा नं. १५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १२) सिट नं. ११३०३११२५ स्थित कित्ता नं. १७७ को क्षेत्रफल १०१.५८ वर्ग मिटर जग्गा समेत ।
२. रामदेव साहकी बुहारी अरजे साह तेलीकी छोरी किशोरी साहकी पत्नी बारा जिल्ला, मोतीसर गा.वि.स.वडा नं. ८ (हाल परिवर्तित कलैया उप म.न.पा. वडा नं. १८) बस्ने **फूलमती कुमारी (ऋणी)** व्यक्तिगत जमानी दिने: **किशोरी साह** **यसअघि प्रकाशित सूचना**: मिति २०८२।०४।२८ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । मिति २०८२।१०।१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।	ऋणी **फूलमती कुमारीको** नाममा दर्ता कायम रहेको: क) पर्सा जिल्ला वीरगञ्ज उप म.न.पा वडा नं. १५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १२) सिट नं. ११३०३१२२१ स्थित कित्ता नं. ७१ को क्षेत्रफल ९३.१२ वर्ग मिटर जग्गा समेत । ख) पर्सा जिल्ला वीरगञ्ज उप.म.न.पा वडा नं. १५ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १२) सिट नं. ११३०३११२५ स्थित कित्ता नं. ४१५ को क्षेत्रफल ८४.६५ वर्ग मिटर जग्गा समेत ।
शाखा कार्यालय: गरुडा शाखा , रौतहट	
१. वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट)मा प्रा.फ.र.नं. ९१७५/२२ कायम भइ मिति २०७७/०४/०५ मा दर्ता भएको **बैठा ट्रेड सेन्टर (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **मनोज कुमार साफी** संस्थागत जमानी दिने: **संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिज र महालक्ष्मी गल्ला भण्डार** व्यक्तिगत जमानी दिने: **अनुठा बैठा, गिता देवी, अमिरी बैठा, प्रमोद कुमार बैठा** २. घरेलु तथा साना उद्योग कार्यालय गौर,रौतहटमा उद्योग दर्ता नं. ९५४४/१५९/८६६/३३ कायम भई मिति २०७८/०४/२० मा दर्ता भएको **संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिज (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **मनोज कुमार साफी** संस्थागत जमानी दिने: **महालक्ष्मी गल्ला भण्डार र बैठा ट्रेड सेन्टर** व्यक्तिगत जमानी दिने: **अनुठा बैठा, गिता देवी, अमिरी बैठा र प्रमोद कुमार बैठा** ३. घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा प्रा.फ.र.नं. २४५/९९ कायम भइ मिति २०६५/१/१७ मा दर्ता भएको **महालक्ष्मी गल्ला भण्डार (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **अनुठा बैठा** व्यक्तिगत जमानी दिने: **मनोज कुमार साफी, अमिरी बैठा, गीता देवी र प्रमोद कुमार बैठा** **यसअघि प्रकाशित सूचना**: मिति २०८१।०५।३१ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८१।०८।०५ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८१।०९।०१ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८२।०५।२४ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	१. तिलक बैठाको नाति लालजी वैठाको छोरा रौतहट जिल्ला गमहरीया पर्सा गा.वि.स वडा नं. ९ (हाल परिवर्तित गढीमाई न.पा. वडा नं. ३) बस्ने **अनुठा बैठाको** नाममा दर्ता कायम रहेको: क) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ५ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७४० को क्षेत्रफल ०-०-१३-० (विघा) जग्गा समेत। । ख) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१३० को क्षेत्रफल ०-०-१०-० (विघा) घर/जग्गा समेत। ग) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. २ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३९१९ को क्षेत्रफल ०-१-०-० र कित्ता नं. ३९१८ को क्षेत्रफल ०-१-१६-० (विघा) जग्गा समेत । घ) रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १४१८ को क्षेत्रफल ०-२-५-० (विघा) जग्गा र घर /समेत । २. ऋणी **संन्धया शोप एण्ड केमिकल इण्डष्ट्रिजको** नाममा दर्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर गा.वि.स वडा नं. ९ (हाल परिवर्तित रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १४१२ को क्षेत्रफल ०-०-१०-०, कित्ता नं. १३०८ को क्षेत्रफल ०-०-१३-४, कित्ता नं. १३१० को क्षेत्रफल ०-०-१३-८ र कित्ता नं. १३०९ को क्षेत्रफल ०-०-१३-४ (विघा) जग्गा समेत। ३. तिलक बैठाको नाति लालजी बैठाको छोरा रौतहट जिल्ला, गमहरिया पर्सा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित गढीमाई न.पा. वडा नं. ३) बस्ने **अनुठा बैठा**-१ र ऐ. को नाति ऐ. को छोरा ऐ.ऐ. बस्ने **अमिरी बैठा**-१ समेत जना २ को संयुक्त नाममा दर्ता कायम रहेको रौतहट जिल्ला गरुडा बैरिया गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ११०१ को क्षेत्रफल ०-१-३-० र कित्ता नं. ११०३ को क्षेत्रफल ०-०-२-० (विघा) घर/जग्गा समेत । ४. तिलक बैठाको नाति लालजी बैठाको छोरा रौतहट जिल्ला गमहरिया पर्सा गा.वि.स. वडा नं. ९ (हाल परिवर्तित गढीमाई न.पा. वडा नं. ३) बस्ने **अनुठा बैठाको** नाममा दर्ता कायम रहेको: क) रौतहट जिल्ला गम्हरीया गा.वि.स. वडा नं. ७क (हाल परिवर्तित रौतहट जिल्ला गढीमाइ न.पा. वडा नं. ३) स्थित कित्ता नं. १४९ को क्षेत्रफल ०-४-१८, कित्ता नं. १५४ को क्षेत्रफल ०-५-०, कित्ता नं. १५३ को क्षेत्रफल ०-५-० र कित्ता नं. १५२ को क्षेत्रफल ०-५-० (विघा) जग्गा समेत । ख) रौतहट जिल्ला गम्हरीया गा.वि.स. वडा नं. ७ग (हाल परिवर्तित रौतहट जिल्ला गढीमाइ न.पा. वडा नं. ३) स्थित, कित्ता नं. ११३ को क्षेत्रफल ०-८-८ (विघा) जग्गा समेत ।

बोलपत्रका शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०४/२८ कार्यालय समय सम्म	२०८३/०५/०१ अपरान्ह २:०० बजे	यस बैंकको कुनै पनि शाखा, कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं

सुनचाँदीको भाउ

छापावाल सुन : २,९६,०००
चाँदी : ४,५७०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५१.९०	१५२.५०
युरो	१	१७५.२६	१७५.९५
पाउन्ड स्टर्लिङ	१	२०४.५७	२०५.३८
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

अर्थ समितिको निर्देशन

प्रभावित बासिन्दालाई जलविद्युत्को सेयर १०० मै उपलब्ध गराउनू

- अर्थ समितिबाट जलविद्युत् आयोजनाका प्रत्यक्ष प्रभावित स्थानीयलाई १० प्रतिशत सेयर अंकित मूल्यमा नै उपलब्ध गराउन निर्देशन दिने निर्णय
- स्थानीय बासिन्दालाई सेयर उपलब्ध गराउने व्यवस्था तत्काल कार्यान्वयन गर्न/गराउन अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल धितोपत्र बोर्डलाई निर्देशन दिइने

अन्नपूर्ण | *काठमाडौं*

अर्थ समितिले जलविद्युत् आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय नागरिकहरूलाई १० प्रतिशत सेयर अंकित मूल्यमा नै उपलब्ध गराउन निर्देशन दिने निर्णय गरेको छ।

समितिका सभापति कृष्णहरि अधिकारीका अनुसार बिहीबार बसेको समितिको बैठकले जलविद्युत् आयोजना प्रभावित क्षेत्रका नागरिकहरूले उक्त व्यवस्थाबमोजिमको सेयर प्राप्त गर्न नसकेको गुनासो आएपछि सरोकारवाला निकायलाई निर्देशन दिइएको हो।

समितिले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ९ को उपनियम ४ बमोजिम १० प्रतिशत सेयर अंकित मूल्य अर्थात् प्रतिकित्ता १०० रुपैयाँमा नै स्थानीय बासिन्दालाई उपलब्ध गराउने व्यवस्था तत्काल कार्यान्वयन गर्न/गराउन अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल धितोपत्र बोर्डलाई निर्देशन दिने निर्णय गरेको हो।

तमोर-मेवा जलविद्युत्को सुरुङ निर्माण थालियो

अन्नपूर्ण | *ताप्लेजुङ*

१२८ मेगावाट क्षमताको तमोर-मेवा जलविद्युत् आयोजनाको सुरुङ निर्माण कार्य सुरु भएको छ। आयोजना प्रवर्द्धक स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनीले सुरुङको ब्लास्टिङ गर्दै कार्यको शुभारम्भ गरेको हो। कम्पनीका संस्थापक सञ्चालक भानेन्द्रकुमार लिम्बुका अनुसार सुरुङ ब्लास्टिङसँगै आयोजना निर्माणको चरणमा प्रवेश गरेको छ। निर्माण कार्यतालिका अनुसार सुरुङ निर्माणलाई आयोजनाको सबैभन्दा महत्त्वपूर्ण चरणमध्ये एक मानिएको छ। फुङ्लिङमा आयोजित कार्यक्रममा कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक सुदीपकुमार चौधरी, सञ्चालक समितिका पदाधिकारी तथा स्थानीय जनप्रतिनिधिको उपस्थिति रहेको थियो। कम्पनीका अनुसार यो आयोजना २०८५ साल असोज २५ गते सम्पन्न गर्ने गरी काम गरिनेछ। सञ्चालक सदस्य लिम्बुले हालसम्म आयोजनाका लागि आवश्यक क्याम्प निर्माण, जग्गा खरिद प्रक्रिया तथा सडक सञ्जाल निमार्णको कामसहित करिब ३० प्रतिशत काम सम्पन्न भएको बताए। वित्तीय व्यवस्थापनमा सिद्धार्थ बैंकले प्रमुख (लिड) बैंकको भूमिका निर्वाह गरिरहेको छ भने माछापुच्छ्रे बैंक सहप्रमुख (को-लिड) बैंकका रूपमा सहभागी रहेको कम्पनीले जनाएको छ। आयोजनाका लागि २३ अर्ब रुपैयाँ बढी खर्च हुने अनुमान छ।

एकै महिनामा भित्रिए ७२ हजार पर्यटक

अन्नपूर्ण | *काठमाडौं*

नेपालमा सन् २०२६ को जुलाई महिनामा ७१ हजार ७ सय ७५ विदेशी पर्यटक भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार यो संख्या गत वर्षको जुलाई महिनाको तुलनामा करिब २ प्रतिशतले बढी हो। सन् २०२५ को जुलाईमा ७० हजार १ सय ९३ विदेशी पर्यटक नेपाल आएका थिए।

बोर्डका अनुसार जुलाईमा सबैभन्दा धेरै पर्यटक भारतबाट आएका छन्। भारतबाट २३ हजार ४ सय ९० पर्यटक नेपाल आएका छन्। यो कुल आगमनको ३३ प्रतिशत हो। जुलाईमा चीनबाट आउने पर्यटकको संख्या पनि उल्लेख्य रूपमा बढेको छ। जुलाई २०२६ मा चीनबाट ११ हजार ९९ पर्यटक नेपाल आएका छन्। यो अघिल्लो वर्षको जुलाईमा आएको ६ हजार ८ सय ९० को तुलनामा ६१ प्रतिशतले बढी हो।

सन् २०१९ को जुलाईमा चीनबाट १० हजार २ सय १५ जना पर्यटक आएका थिए। यसरी चिनियाँ पर्यटक आगमन कोभिडपूर्व अवस्थाभन्दा ९ प्रतिशत माथि पुगेको छ। त्यसैगरी, तेस्रो स्थानमा अमेरिका रहेको छ। अमेरिकाबाट जुलाईमा ७ हजार ७ सय ५४ पर्यटक आएका छन्। यस्तै, बंगलादेशबाट ४ हजार १ सय ७९, बेलायतबाट ३ हजार ७ सय ७३ र अस्ट्रेलियाबाट २ हजार ४ सय २८ पर्यटक नेपाल आएका छन्।

क्षेत्रगत रूपमा हेर्दा दक्षिण एसियाली मुलुकबाट आउने पर्यटकको संख्या सबैभन्दा बढी छ। जुलाईमा सार्क मुलुकबाट २९ हजार ७ सय ५५ पर्यटक नेपाल आएका छन्, जुन कुल आगमनको ४१ प्रतिशत हो। तर, यो संख्या अघिल्लो वर्षको ३३ हजार ७ सय ८७ को तुलनामा १२ प्रतिशत कम छ। भुटानबाट आउने पर्यटकको संख्या ९ सय ९१ जना रहेको छ। पाकिस्तानबाट आउने पर्यटक ४ सय ७५ पुगेका छन्। श्रीलंकाबाट ५ सय ८१ पर्यटक आएका छन्, जुन अघिल्लो वर्ष ५ सय ९८ थियो।

दक्षिण एसियाबाहेक अन्य एसियाली मुलुकबाट जुलाईमा १७ हजार ४ सय २४ पर्यटक नेपाल आएका छन्। यो कुल आगमनको २४ प्रतिशत हो। अघिल्लो वर्षको जुलाईमा १३ हजार ५२ पर्यटकले नेपाल भ्रमण गरेका थिए। यस आधारमा हेर्दा अन्य एसियाली बजारमा ३३ प्रतिशत वृद्धि भएको छ। यस समूहमा चीनपछि दक्षिण कोरियाबाट १ हजार ३ सय ९४, मलेसियाबाट १ हजार ३ सय ८०, जापानबाट १ हजार १ सय ११, भियतनामबाट ५ सय ७४, सिंगापुर र म्यानमारबाट समान ४ सय ३७ तथा थाइल्यान्डबाट ४ सय २८ पर्यटक आएका छन्।

युरोपबाट जुलाईमा ९ हजार २ सय ७९ पर्यटक नेपाल आएका छन्। कुल आगमनमा युरोपको हिस्सा १३ प्रतिशत रहेको छ। युरोपमा बेलायतबाट ३ हजार ७ सय ७३, जर्मनीबाट ७ सय २३, स्पेनबाट ६ सय ८१, फ्रान्सबाट ६ सय ४४, नेदरल्यान्ड्सबाट ५ सय १४, पोर्चुगलबाट ४ सय ८९ र रुसबाट ४ सय ६७ पर्यटक आएका छन्।

अमेरिकी मुलुकबाट ८ हजार ८ सय २४ पर्यटकले नेपाल भ्रमण गरेका छन्। ओसियानियाबाट २ हजार ६ सय ७ पर्यटक आएका छन्। मध्यपूर्वबाट जुलाईमा ७ सय ३६ पर्यटक आएका छन्। अफ्रिकी मुलुकबाट भने जुलाईमा ३ सय २४ पर्यटक नेपाल आएका छन्।

- गत वर्षको जुलाई महिनामा ७० हजार १ सय ९३ विदेशी पर्यटक नेपाल आएका, यस वर्ष ७१ हजार ७ सय ७५ आएका छन्।
- चीनबाट ११ हजार ९९ पर्यटक नेपाल आएका छन्। यो अघिल्लो वर्षको तुलनामा ६१ प्रतिशतले बढी हो।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 5.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

आयल निगमको कार्यकारी निर्देशकमा साह

काठमाडौं (अन्नपूर्ण) : नेपाल आयल निगमको कार्यकारी निर्देशकमा नागेन्द्र साह नियुक्त भएका छन्।

मन्त्रिपरिषद्को बुधबारको बैठकले सीएसमेत रहेका साहलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको हो। यसअघि उनी निगमकै पूर्वनिमित्त कार्यकारी निर्देशक थिए।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले साहसहित कौशल केसी र सञ्जीवकुमार देवको नाम सिफारिस गरेको थियो।

करदाताले कसरी पाउँछन् उपहार ?

काठमाडौं (अन्नपूर्ण) : आन्तरिक राजस्व विभागले सञ्चालन गर्न लागेको 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' अन्तर्गत शुक्रबार भाग्यशाली करदाताहरूले कुल २५ लाख रुपैयाँ बराबरको नगद उपहार पाउने भएका छन्। विभागले पहिलो चरणको उपहार घोषणाका लागि सम्पूर्ण प्राविधिक तयारी पूरा गरेको जनाएको छ। बिहीबार अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष विभागका प्राविधिकहरूले नमुना उपहार छनोट विधि र प्रणालीको सफल परीक्षण प्रस्तुत गरे।

साउन १ गतेदेखि १५ गतेसम्म अनलाइनमार्फत वस्तु तथा सेवा खरिद गरेका उपभोक्ता र नगदमा कारोबार गरी बिल अपलोड गरेका उपभोक्ताहरू यो उपहार प्रक्रियामा सहभागी हुन पाउनेछन्।

हरेक दिनको कारोबारका आधारमा १५ जनाले करकट्टीपछि एक-एक लाख रुपैयाँ र साउन १५ गतेसम्मका सबै उपभोक्तामध्येबाट एक जनाले बम्पर उपहारस्वरूप १० लाख रुपैयाँ नगद जित्नेछन्। बम्पर उपहारमा भने कानुन अनुसार कर लाग्नेछ।

आन्तरिक राजस्व विभागका महानिर्देशक तथा सहसचिव डा. भीष्मकुमार भूसाल भन्छन्, 'साउन १ देखि १५ गतेसम्म अनलाइन भुक्तानी गरेका वा विभागको वेबसाइटमा भौतिक बिल अपलोड गरेका उपभोक्तामध्येबाट शुक्रबार उपहार घोषणा गर्दैछौं।' उनका अनुसार १५ जनाले एक-एक लाख र एक जनाले १० लाख रुपैयाँको बम्पर उपहार पाउनेछन्। उपभोक्तालाई बिल माग्ने बानीको विकास गराउन र कर प्रणालीलाई पारदर्शी बनाउन सरकारले बजेटमार्फत् नयाँ कार्यक्रम ल्याएको हो।

करदाता प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि अनुसार उपभोक्ताले मुख्य गरी दुई तरिकाबाट यो उपहार कार्यक्रममा सहभागी भई नगद पुरस्कार जित्न सक्नेछन्। बैंक वा वालेटको क्युआर कोडमार्फत वस्तु तथा सेवा खरिद गरी भुक्तानी गरेका उपभोक्ताहरू यो प्रणालीमा स्वत: जोडिनेछन्। उनीहरूले अलग्गै आवेदन दिनु पर्दैन, तर दाबी गर्दा भने खरिद गरिएको बिल अनिवार्य रूपमा साथमा हुनुपर्नेछ।

नगदमा वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ताले भने विक्रेतासँग अनिवार्य रूपमा प्यान वा भ्याट बिल माग्नुपर्नेछ। उक्त बिल आन्तरिक राजस्व विभागको आधिकारिक वेबसाइटमा गएर अपलोड गरेपछि प्राप्त हुने कुपनका आधारमा उनीहरू उपहार प्रक्रियामा सहभागी हुन पाउनेछन्।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमार्फत उपभोक्तालाई बिल लिने संस्कृतिको विकास गराउन र करदातालाई प्रोत्साहन गर्न उपहार कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका थिए। विभागका अनुसार अबदेखि यो कार्यक्रम नियमित रूपमा सञ्चालन हुनेछ। हरेक अघिल्लो महिनाको १ देखि १५ गतेसम्मको कारोबारका लागि पछिल्लो महिनाको १६ गते र १६ गतेदेखि बाँकी दिनको कारोबारका लागि महिनाको अन्तिम दिन उपभोक्ताहरूका लागि उपहार घोषणा गरिनेछ।

एमएस इलेक्ट्रोनिक्सको 'आरजीबी' हाइमास्ट लाइट

रूपन्देही (अन्नपूर्ण) : रूपन्देहीको तिलोत्तमा नगरपालिका-२ स्थित एमएस इलेक्ट्रोनिक्स एन्ड इलेक्ट्रिकल्स इन्डस्ट्रिजले अत्याधुनिक प्रविधियुक्त '२-सिरिज आरजीबी हाइमास्ट लाइट' बजारमा ल्याएको छ।

विगत १०-१२ वर्षदेखि नेपालमै गुणस्तरीय प्रकाश प्रणाली उत्पादन गर्दै आएको उद्योगले आधुनिक प्रविधिलाई आत्मसात गर्दै अटो कन्ट्रोल प्यानल र टाइमिङ सिस्टमसहितको आरजीबी हाइमास्ट लाइट बजारमा ल्याएको जनाएको छ।

उद्योगका अनुसार नयाँ प्रविधिको यस लाइटले चाडपर्व, राष्ट्रिय दिवस तथा विशेष अवसरमा मठमन्दिर, सार्वजनिक चोक, पार्क, पर्यटकीय क्षेत्र तथा अन्य महत्त्वपूर्ण स्थानहरूलाई विभिन्न रंगको आकर्षक प्रकाशले सजाउन सकिनेछ। टाइमिङ सिस्टममार्फत आवश्यकता अनुसार स्वचालित रूपमा सञ्चालन हुने भएकाले यसको प्रयोग अझ प्रभावकारी हुने विश्वास गरिएको छ। एमएस इलेक्ट्रोनिक्सले विगत एक दशकभन्दा बढी समयदेखि सोलार एलइडी स्ट्रिट लाइट, एसी एलइडी स्ट्रिट लाइट, फ्लड लाइट, हाइमास्ट लाइट तथा स्टेडियम लाइट उत्पादन, जडान, मर्मत तथा स्तरोन्नति सेवा प्रदान गर्दै आएको छ। उद्योगका उत्पादनहरू नेपालका विभिन्न स्थानीय तह, सरकारी कार्यालय, निजी संस्था, शैक्षिक प्रतिष्ठान, धार्मिक स्थल तथा पूर्वाधार विकासका परियोजनामा प्रयोग हुँदै आएका छन्।

PROFESSIONAL RGB HIGH MAST LIGHT
TRUE RGB COLOR + COOL WHITE
FOR OUTDOOR & EVENT LIGHTING
Industrial-Grade Aluminum Housing
Weatherproof & Dustproof Design
High-Brightness for Wide Coverage
MS Electronics & Electricals Industries Pvt.Ltd.
Rupandehi, Lumbini Province, Nepal
WWW.MSFACTORYGROUP.COM
@MSFACTORYGROUP
/MSLEDNEPAL
/@MSFACTORYGROUP
9809858019

लर्डबुद्धमा 'एमबीए इन एआई' र 'डिजिटल लिडरसिप'

काठमाडौं (अन्नपूर्ण) : नेपालको पहिलो आईटी कलेज लर्डबुद्ध एजुकेसन फाउन्डेसनले 'एमबीए इन एआई' र 'डिजिटल लिडरसिप' पाठ्यक्रम सुरु गरेको छ।

कृत्रिम बुद्धिमत्ता एआई र सूचनाप्रविधिको तीव्र विकास तथा बजारको मागलाई मध्यनजर गर्दै फाउन्डेसनले नयाँ पाठ्यक्रम सञ्चालनमा ल्याएको हो।

एसिया प्यासिफिक युनिभर्सिटी अफ टेक्नोलोजी एन्ड इनोभेसनको सम्बन्धनमा शिक्षा मन्त्रालयबाट स्वीकृति प्राप्त गरी त्रिभुवन विश्वविद्यालयबाट समकक्षतासहित 'एमबीए इन एआई' र 'डिजिटल लिडरसिप' कार्यक्रम सञ्चालनमा आएको फाउन्डेसनका अध्यक्ष इन्जिनियर पंकज जालानले जानकारी दिए। 'एमबीए इन एआई' र 'डिजिटल लिडरसिप' कार्यक्रमका लागि फाउन्डेसनले डीएलए कन्सल्टिङसँग सहकार्य गरेको छ।

नयाँ पाठ्यक्रमको शुभारम्भ कार्यक्रममा फाउण्डेशनका अध्यक्ष इन्जिनियर जालानले कृत्रिम बुद्धिमता एआई भविष्यको प्रविधि मात्र नभई बैंकिङ, व्यापार, व्यवस्थापन, डाटा विश्लेषण, रिपोर्ट निर्माण र दैनिक कार्यालयका कामसम्म अत्यावश्यक भइसकेको बताए।

उनले भने, 'केही वर्षअघिसम्म मानिसले घण्टौं लगाएर गर्ने काम अहिले एआईले केही मिनेटमै गर्न थालेको छ। यही परिवर्तनसँगै नेपालमा पनि एआईलाई केवल 'टुल चलाउने प्रविधिका रुपमा होइन, शिक्षा, व्यवसाय र व्यवस्थापनसँग जोडेर पाठ्यक्रम विकास गर्न लागिएको हो।'

पल्सरको २५ वर्ष: 'कथा सुनाउनुहोस्, पल्सर जित्नुहोस्' अभियान

काठमाडौं (अन्नपूर्ण) : पल्सरको २५ वर्षे यात्रा मनाउने क्रममा बजाज ग्लोबलले 'माई पल्सर स्टोरी' नामक अभियान सुरु गरेको छ।

यस अभियानमार्फत विश्वभरका राइडर, कन्टेन्ट क्रिएटर, राइडिङ क्लब तथा लामो समयदेखि पल्सर प्रयोग गर्दै आएका ग्राहकलाई पल्सरसँग जोडिएका वास्तविक र प्रेरणादायी अनुभवहरू साझा गर्न आह्वान गरिएको छ।

यस अभियानले नेपालसहित विश्वभर रहेका पल्सर राइडिङ समुदायको उत्साह, समर्पण र साहसी यात्रालाई सम्मान गर्दछ।

पल्सर नेपाल पनि यस विश्वव्यापी अभियानको हिस्सा बनेको छ, जसले नेपाली राइडरहरूलाई आफ्ना अनुभव अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने तथा पल्सरको साहसी भावना झल्काउने अवसर प्रदान गर्नेछ। सहभागीहरूले भिडियो, संगीत, एआई आधारित सामग्री, फोटो वा अन्य कुनै पनि सिर्जनात्मक माध्यम र जुनसुकै भाषामा पल्सरसँग जोडिएका कथा प्रस्तुत गर्न सक्नेछन्। उत्कृष्ट कथाहरूले '२५ एयर्स अफ ड्यारिङ दी वर्ल्ड' को भावना झल्काउनुपर्नेछ।

छनोट भएका सामग्रीहरू पल्सरका विश्वव्यापी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछन्, जसबाट नेपाली राइडरहरूको आवाज पनि विश्वभर पुग्नेछ।

pulsar
25 YRS OF DARING THE WORLD
SHARE YOUR STORY. YOUR MOMENT.
WIN BIG ALONG THE WAY PULSAR NS 400Z
$500 GIFT HAMPERS EVERY WEEK
20 July – 4 September

इङ्ल्यान्डको टोलीमा पोप र लरेन्स

पाकिस्तानसँगको पहिलो दुई टेस्टका लागि घोषित इङ्ल्यान्डको टोलीमा ओली पोप र डान लरेन्सले स्थान बनाएका छन्। बिहीबार घोषित १६ सदस्यीय इङ्ल्यान्डको टोलीमा पोप र लरेन्सले स्थान बनाएका हुन्।

कसरी जोगियो इन्फान्टिनोको कुर्सी ?

विश्वकपको व्यावसायिक अधिकार निजी लगानीकर्तालाई बेच्ने विवादित योजना फिर्ता, माफी र अफ्रिका-एसियाको समर्थनले तत्काल पद जोगियो

अन्नपूर्ण | *काठमाडौं*

विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनो पछिल्ला केही सातायता आफ्नो कार्यकालकै सबैभन्दा ठूलो राजनीतिक संकटमा परेका थिए। विश्वकपका व्यावसायिक अधिकार व्यवस्थापन गर्ने नयाँ कम्पनीमा २० प्रतिशत हिस्सेदारी निजी लगानीकर्तालाई बिक्री गर्ने प्रस्ताव सार्वजनिक भएपछि युरोपेली फुटबल महासंघ (यूईएफए), इङ्लिस फुटबल संघ (एफए), उत्तर तथा मध्य अमेरिकी महासंघ (कन्काकाफ) र एसियाली फुटबल महासंघ (एएफसी) का केही सदस्यबाट तीव्र असन्तुष्टि देखिएको थियो। पारदर्शिताको अभाव र पर्याप्त परामर्श नगरी प्रस्ताव अघि बढाइएको आरोप लागेपछि इन्फान्टिनोको नेतृत्व नै संकटमा परेको थियो।

यही संकटकाबीच मोरक्कोको रबाटमा इन्फान्टिनोले फिफा व्यवस्थापन बोर्ड र महासचिव माटियास ग्राफस्ट्रोमसँग आकस्मिक बैठक बोलाएका थिए। धेरैले यो बैठकलाई उनका राजनीतिक भविष्यको निर्णायक परीक्षा मानेका थिए। बैठकअघि विभिन्न सञ्चारमाध्यममा असाधारण फिफा कंग्रेस बोलाएर नेतृत्व परिवर्तन हुन सक्ने चर्चासमेत चलेको थियो। तर, बैठकको अन्त्यमा सार्वजनिक गरिएको संयुक्त बक्तव्यले परिस्थिति नै बदलिदियो। फिफा व्यवस्थापन बोर्ड र महासचिवले इन्फान्टिनोप्रति पूर्ण समर्थन रहेको घोषणा गरेका थिए। बक्तव्यमा २११ सदस्य राष्ट्रबाट निर्वाचित अध्यक्षका रूपमा इन्फान्टिनोप्रति विश्वास कायम रहेको उल्लेख गरिएको थियो भने इन्फान्टिनोले पनि महासचिव र प्रशासनिक टोलीप्रति आफ्नो पूर्ण समर्थन दोहोर्‍याएका थिए।

माफीले घटायो दबाब

मोरक्को बैठकअघि इन्फान्टिनोले विवादित प्रस्ताव अघि बढाउने प्रक्रियामा कमजोरी भएको स्वीकार गर्दै सदस्य राष्ट्रसँग माफी मागेका थिए। विश्वकपको व्यावसायिक अधिकारसम्बन्धी योजना पूर्ण रूपमा फिर्ता लिएको घोषणा पनि गरेका थिए। उनले भविष्यमा यस्ता विषयमा अझ पारदर्शी प्रक्रिया अपनाउने, सदस्य राष्ट्रसँग व्यापक परामर्श गर्ने तथा सुशासन प्रणालीको समीक्षा गर्ने प्रतिबद्धता जनाएका थिए। यही लचकताले तत्कालका लागि उनीमाथिको दबाब कम गर्न महत्त्वपूर्ण भूमिका खेलेको विश्लेषण गरिएको छ।

अफ्रिका-एसियाको साथ निर्णायक

इन्फान्टिनोको अर्को बलियो आधार अफ्रिका र एसियाका सदस्य राष्ट्र बनेका थिए। युरोपका केही प्रभावशाली संघले समर्थन फिर्ता लिए पनि अफ्रिका र एसियाका धेरै सदस्य संघ उनको पक्षमा उभिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन्। विशेषगरी मोरक्को फुटबल महासंघ पहिलेदेखि नै इन्फान्टिनोको बलियो समर्थक रहँदै आएको छ। आगामी फिफा अध्यक्षीय निर्वाचनका लागि पनि मोरक्कोले औपचारिक समर्थन जनाइसकेको छ।

विपक्षी एकजुट हुन सकेनन्

इन्फान्टिनोविरुद्ध असन्तुष्टि बढे पनि हालसम्म उनको विकल्पका रूपमा कुनै बलियो उम्मेदवार सार्वजनिक हुन सकेको छैन। यही कारण पनि तत्काल नेतृत्व परिवर्तनको सम्भावना टरेको हो। इङ्लिस एफएले फिफाको सुशासन प्रणालीमाथि पूर्ण समीक्षा आवश्यक रहेको बताएको छ भने क्यानडाका प्रधानमन्त्रीलेसमेत इन्फान्टिनोप्रति विश्वास गुमाएको सार्वजनिक अभिव्यक्ति दिएका थिए। यद्यपि आलोचना मात्र पर्याप्त भएन, किनभने त्यसलाई नेतृत्व परिवर्तनसम्म पुर्‍याउने साझा रणनीति भने बन्न सकेन।

चुनौती भने कायमै

मोरक्को बैठकले इन्फान्टिनोको तत्कालीन संकट टारे पनि उनको राजनीतिक यात्रा सहज भने बनिसकेको छैन। सन् २०२७ मा हुने फिफा अध्यक्षीय निर्वाचनअघि उनले सदस्य राष्ट्रको विश्वास पुनः जित्नुपर्नेछ। यसका लागि फिफाको सुशासन प्रणाली सुधार्ने, निर्णय प्रक्रियालाई पारदर्शी बनाउने र सदस्य राष्ट्रसँगको सम्बन्ध पुनः सुदृढ गर्ने चुनौती उनीसामु छ। आगामी महिनामा यस्ता सुधार देखिएनन् भने अहिले शान्त देखिएको असन्तुष्टि पुनः चर्किन सक्ने विश्लेषण भइरहेको छ।

मोरक्को बैठकले एउटा सन्देश भने स्पष्ट दिएको छ, आलोचनाको घेरामा परे पनि इन्फान्टिनो अझै फिफाभित्र पर्याप्त राजनीतिक समर्थन राख्छन्। विवादित योजना फिर्ता लिनु, सार्वजनिक रूपमा कमजोरी स्वीकार्नु, अफ्रिका र एसियाको साथ कायम राख्नु तथा वैकल्पिक उम्मेदवार नदेखिनुले तत्कालका लागि उनले पद जोगाउन सफल बनाएको विश्लेषण गरिएको छ।

'इलिफेन्ट्स इन द फग'को ट्रेलर सार्वजनिक

अन्नपूर्ण | *काठमाडौं*

भदौ १९ गतेबाट प्रदर्शनको तयारीमा रहेको चलचित्र 'तिनीहरू: इलिफेन्ट्स इन द फग'को म्युजिकल ट्रेलर सार्वजनिक भएको छ। निर्माण टिमले बिहीबार काठमाडौंमा कार्यक्रम आयोजना गर्दै म्युजिकल ट्रेलर सार्वजनिक गरेको हो। ट्रेलरमा सिनेमाका मुख्य पात्रको छटपटी, हतासपन र आक्रोश देखिन्छ। सन्तान हराएको पीडा र उसको खोजीका लागि संघर्षरत आमाको कथा छ। हात्तीले दिने दुःख र त्यसको त्रासमा बाँचिरहेको सिंगो गाउँ ट्रेलरमा देखाइएको छ। तर, हात्ती भने ट्रेलरमा देखाइएको छैन।

प्रहरीसँग छोरी अप्सरालाई खोजी गरिदिन गरेको आग्रह, आफन्तले नै गरेको शंका र उनको खोजीका लागि आमाले गरेको संघर्ष म्युजिकल ट्रेलरमा देखाइएको छ। क्याची बिटमा म्युजिकल ट्रेलरमा रहेको गीतमा तेस्रोलिंगी समुदायका व्यक्ति नाचिरहेको दृश्य देखिन्छ। भोजपुरी लयको छेउमा रहेर कम्पोज गरेको गीत र त्यसको तालले म्युजिकल ट्रेलरलाई आकर्षक देखाएको छ।

केहीको बली चढाइरहेको जस्तो दृश्यले ट्रेलरमा सस्पेन्स थप्ने काम गरेको छ। 'तिनीहरू: इलिफेन्ट्स इन द फग' विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा नेपाली सिनेमाको इतिहासमै अहिलेसम्मकै ठूलो सफलता हासिल गरेर नेपालमा रिलिज हुन लागेको चलचित्र हो। चलचित्रलाई अविनाश विक्रम शाहले निर्देशन गरेका छन्। कान्समा जुरी च्वाइस अवार्ड पाएसँगै यो सिनेमा घरेलु दर्शकमाझ पनि प्रतिक्षित बनेको छ।

जंगली हात्तीको आतंकबाट आक्रान्त बस्तीमा बसोबास गर्ने अल्पसंख्यक समुदायको कथा भनेको यस चलचित्रमा अभिनेत्री गौरी मल्ल, माओत्से गुरुङ, पुष्पा थिङ लामा, दीपिका यादव, जस्मिन विश्वकर्मा, एलिज घिमिरे, महिमा नवबाग, आकांक्षा कार्कीलगायतको अभिनय छ। चलचित्र नेपालसहित फ्रान्स, जर्मनी, ब्राजिल र नर्वेका निर्माण संस्थाको सहकार्यमा निर्माण गरिएको हो। यस चलचित्र निर्मातामा नेपालबाट अनुप पौडेल फ्रान्सबाट जस्टिन पेचबर्टी र डेमियन मेघेर्बी, जर्मनीबाट माइकल हेनरिक्स रहेको छन्। सह-निर्मातामा प्रचण्डमान श्रेष्ठ, ब्रजिलबाट तातियाना लेइते, लेओनार्दो मेक्की, पल जिश्लर, भेरोना मेइर स्टोर्म, मार्टिन रेचबक, सुसन्ने मान, कुमुदिनी गुरुङ श्रेष्ठ र सोहम ढकाल रहेका छन्। चार्ल्स अडिनेट लाइन प्रोड्यूसर रहेको चलचित्रका एशोसिएट निर्माता नायिका केकी अधिकारी, प्रतीक सुवेदी र प्रतिभा जोशी छन्।

अन्डरग्राउन्ड टकिज नेपालको तर्फबाट सह-निर्मातामा प्रवेश गुरुङ, एशोसिएट निर्माताआदित्य बस्नेत, अनुज पौड्याल, सन्तोष भट्टराई, बेन्जामिन ग्रुब्स

निर्देशक शाहको नै पटकथा रहेको चलचित्रमा अविनाश विक्रम शाह र सन्दीप बादलको कथा छ। सार्वजनिक म्युजिकल ट्रेलरको गीतमा लव कर्णको शब्द, शिवानी भगत र देव अहिररावको स्वर रहेको छ। आफ्नो लघु चलचित्र 'लोरी'बाट यसभन्दा अघि नै कान्समा पुरस्कार जितेका अविनाश 'कालो पोथी' र 'साम्बाला' तथा लिमिटेड सिरिज 'सिंहदरबार'का पटकथाकार पनि हुन्।

मञ्जुको 'भन्देउ न माया'

अनोज रोक्का | *हङकङ*

पातली हैन, मोटी नि छैन म
एकदिनमा हेर्छु दस चोटी ऐनामा
भन्देउ न माया, म कस्ती भए यो रातो सारीमा ॥

हङकङलाई कर्मथलो बनाएकी गायिका मञ्जु थापाले तीज गीत 'भन्देउ न माया' सार्वजनिक गरेकी छन्। नारायण ज्ञवालीको रचना र संगीतमा तयार पारिएको गीतमा मञ्जुलाई अर्की गायीका मञ्जु पौडेलले साथ दिएकी छन्।

गीतसँगै सार्वजनिक भिडियोले अझ तीजको माहोल बढाएको गायिका मञ्जु बताउँछिन्। लामो समयदेखि लोकदोहोरीमार्फत दर्शक स्रोतामाझ चिनिएकी मञ्जुको तीज गीतसँगै पुन सांगीतिक सक्रियता बढाएकी छन्। 'गीतको भावअनुसार भिडियोमा प्रस्तुत नृत्यले पर्याप्त वाहवाही पाइरहेको छ। मेरा दर्शकस्रोताहरूको माया पाइरहेको छु', मञ्जु भन्छिन्।

नविन घर्तिमगरको सम्पादन, दुर्गा पौडेलेको भिडियोग्राफी, दावा बल तामाङको कोरियोग्राफी र निर्देशन रहेको भिडियोमा मोडल एलिना रायमाझी र रीना थापा छमछमी नाचेका छन्। भिडियो मञ्जु थापा युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ।

नेपालले न्युजिल्यान्ड 'ए'सँग एकदिवसीय खेल खेल्ने

अन्नपूर्ण | *काठमाडौं*

नेपाली राष्ट्रिय क्रिकेट टोलीले आगामी सेप्टेम्बरमा न्युजिल्यान्ड 'ए'सँग एकदिवसीय मैत्रीपूर्ण खेल खेल्ने भएको छ। आईसीसी एकदिवसीय विश्वकप २०२७ को तयारीलाई ध्यानमा राख्दै तय गरिएको यो खेललाई नेपाली क्रिकेटका लागि महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ। नेपालले पछिल्ला वर्षहरूमा टेस्ट राष्ट्रका 'ए' टोलीसँग नियमित प्रतिस्पर्धा गर्दै आफ्नो स्तर उकास्ने प्रयास गरिरहेको छ। आयरल्यान्ड वुल्भ्स, नेपाल 'ए' का अभ्यास खेलहरू तथा आईसीसी क्रिकेट विश्वकप लिग-२ का अनुभवपछि अब न्युजिल्यान्ड 'ए'सँगको शृंखला नेपाली खेलाडीका लागि ठूलो 'एक्सपोजर' हुने अपेक्षा गरिएको छ।

न्युजिल्यान्ड क्रिकेटले पनि पछिल्ला समय आफ्नो 'ए' टोलीलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बढी अवसर दिँदै आएको छ। घरेलु सिजनअघि उदाउँदा खेलाडीलाई अन्तर्राष्ट्रिय अनुभव दिलाउने उद्देश्यका साथ 'ए' टोलीलाई विभिन्न देशमा पठाउने नीति अपनाएको छ। नेपालका लागि यो खेल केवल मैत्रीपूर्ण खेल मात्र हुनेछैन, कप्तान रोहित पौडेलको नेतृत्वमा रहेको टोलीले एकदिवसीय क्रिकेटमा आफ्नो संयोजन बलियो बनाउने, नयाँ खेलाडीलाई अवसर दिने तथा विश्वकप छनोटअघिको तयारीलाई अझ मजबुत बनाउने अवसरका रुपमा पनि हेरिएको छ।

न्युजिल्यान्ड 'ए' टोलीमा अन्तर्राष्ट्रिय अनुभव बटुलेका र 'ब्ल्याक क्याप्स'मा स्थान बनाउन प्रतिस्पर्धा गरिरहेका खेलाडी रहने छन्। त्यसैले न्युजिल्यान्डविरुद्ध राम्रो प्रदर्शन गर्न सके नेपाली खेलाडीले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रमाणित गर्ने अवसर पाउने छन्।

नेपालले पछिल्ला केही वर्षमा एकदिवसीय क्रिकेटमा उल्लेखनीय प्रगति गरेको छ। आईसीसी क्रिकेट विश्वकप लिग-२ मा प्रतिस्पर्धात्मक प्रदर्शनसँगै बलिया टोलीविरुद्ध पनि जित निकाल्ने क्षमता देखाइसकेको छ। यही आत्मविश्वासलाई निरन्तरता दिन न्युजिल्यान्ड 'ए'सँगको खेला महत्वपूर्ण हुने विश्वास गरिएको छ।

न्युजिल्यान्ड 'ए'ले नेपालसँगै अस्ट्रेलियाका स्थानीय टृलीसँग पनि मैत्रीपूर्ण खेल खेल्नेछ। न्युजिल्यान्डले सेप्टेम्बर २ मा दक्षिण अस्ट्रेलिया, सेप्टेम्बर ४ मा तास्मानिया र सेप्टेम्बर ६ मा नेपालसँग खेल्नेछ। तीनवटै खेल अस्ट्रेलियाको डार्विनस्थित मरारा क्रिकेट ग्राउन्ड-२ मा हुनेछ। यसअघि न्युजिल्यान्ड 'ए'ले अगस्ट २० देखि ३० सम्म हुने एनटी टप एन्ड टीट्वेन्टी शृंखलामा प्रतिस्पर्धा गर्नेछ।

ANNAPURNA MEDIA NETWORK
समस्यामा
राहत
यहाँहरुको पारिवारिक तथा व्यक्तिगत जीवनमा आइपर्ने समस्या जसमा सूचना प्रकाशन/प्रसारण गर्नुपर्ने अवस्थामा अन्नपूर्ण मिडिया नेटवर्कको राहत सहित विशेष छुट योजना
राहत सहित विशेष छुट योजना
विशेष योजनाका सेवाहरू
मानिस हराएको
कागजात हराएको
सवारी साधन हराएको
समवेदना/श्रद्धाञ्जली
थप जानकारीका लागि :
९८०११११२६६/९८५१०४१७३९/९८०१०४७९३५

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**